# ॐ शान्ति सन्देश

द्विमासिक



## महाशिवरात्रिको मङ्गलमय शुभकामना

























१. बिराटनगर : टोटल क्वालिटी म्यानेजमेन्ट कार्यक्रमको शुभारम्भ गर्नुहुँदै मोरङ्ग जिल्लाका मुख्य न्यायाधीश शेखर पौडेल साथमा ब्रह्माकुमारी गीता बहिनी तथा ब्रह्माकुमार लीला भाइ । २. राजविराज : महिला सशक्तिकरण तथा तनाव व्यवस्थापन शिविरको उद्घाटन गर्नुहुँदै नेपाल स्काउट महिला विभागकी अन्तर्राष्ट्रिय आयुक्त मञ्जु श्रेष्ठ, मैथिल महिला साहित्य परिषदकी संस्थापक अध्यक्ष मीना ठाकुर, ब्रह्माकुमारी भगवती बहिनी तथा ब्रह्माकुमार दीपक भाइ । ३. चन्द्रगढी, झापा : स्नेह मिलन कार्यक्रमको उद्घाटन गर्नुहुँदै झापा जिल्लाका मुख्य न्यायाधीश रमेशकुमार खत्री साथमा ब्रह्माकुमारी गीता बहिनी, ब्रह्माकुमारी शान्ति बहिनी, ब्रह्माकुमार लीला भाइ तथा अन्य । ४. गौर, रौतहट : तनाव व्यवस्थापन कार्यक्रमको उद्घाटन गर्नुहुँदै न्यायाधीश हरिशचन्द्र ढुंगाना, न्यायाधीश सूर्य अधिकारी, दण्डपानी शर्मा, प्रमुख जिल्ला अधिकारी मदन भुजेल साथमा ब्रह्माकुमारी जमुना बहिनी तथा प्रशिक्षक ब्रह्माकुमार विजय भाइ । ५. चन्द्रगढी, झापा : वार्षिक महोत्सव कार्यक्रममा झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी एकमणि नेपाललाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी गीता बहिनी साथमा ब्रह्माकुमारी शान्ति बहिनी, ब्रह्माकुमार लीला भाइ तथा अन्य । ६. जनकपुर : प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद ढुंगानालाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी गंगा माता साथमा श्रीमती ढुंगाना । ७. काठमाण्डौ : मूल्य शिक्षा र आध्यात्मिकताको स्नातकोत्तर क्लासको पि.सी. पी कन्ट्याक्ट सेसनको उद्घाटन गर्नुहुँदै त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र शंकायका डिन प्रा. डा. चिन्तामणि पोखरेल साथमा काठमाण्डौ विश्वविद्यालय इन्जिनियरिंग प्रभागका सह डिन प्रा. डा. रमेशकुमार मास्के, वाल्मिकी विद्यापीठका क्याम्पस चिफ सह प्रा. डा. लालमणि पाण्डे, राजयोगिनी ब्रह्माकुमारी राज दिदी, प्रशिक्षक देवी गीतारानी बहिनी तथा दुर्गेशनन्दिनी बहिनी । ८. गौशाला : वार्षिक उत्सव कार्यक्रमको उद्घाटन गर्नुहुँदै नगर प्रमुख रामकुमार महतो, पूर्व सभासद भरतप्रसाद साह, ब्रह्माकुमारी गंगा माता, ब्रह्माकुमारी भगवती बहिनी तथा अन्य ।

# ॐ शान्ति सन्देश

वर्ष १४, अंक ६, २०७१, फाल्गुण - चैत्र

का. जि. द. नं ६५/०५७/०५८

## महाशिवरात्रिको हार्दिक शुभकामना

विश्व कल्याणकारी, सर्व आत्माका पारलौकिक परमपिता, सर्व शक्तिमान् निराकार शिव भगवान्को यस वसुन्धरामा दिव्य अवतरणको स्मरणोत्सवको उपलक्ष्यमा मनाइने महान् पर्व महाशिवरात्रिको पुनीत उपलक्ष्यमा सम्पूर्ण ब्रह्माकुमार/ब्रह्माकुमारी भाइ/बहिनीहरू, हाम्रा यज्ञ शुभ चिन्तक महानुभावहरू तथा समस्त आत्माहरूको उत्तरोत्तर प्रगति, स्मृद्धि तथा सुस्वास्थ्य, दीर्घायुको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ब्रह्माकुमारी राजदिदी तथा
समस्त दैवी परिवार

## अमृत सूची


| विषय | पृष्ठ |
|---|---|
| १. कल्याणकारी शिव... | २ |
| २. शिवरात्रिलाई विश्वव्यापी.... | ६ |
| ३. यसरी मनाऔं शिवरात्रि | १० |
| ४. प्रसिद्ध बाह्र ज्योतिर्लिङ्ग | १२ |
| ५. बोलीको प्रभाव (चित्र कथा) | १६ |
| ६. अनौठो संगम ! | १८ |
| ७. शिव र शिवरात्रि (कविता) | १९ |
| ८. एक आश्चर्यजनक प्रयोग | २० |
| ९. सन्दर्भ महाशिवरात्रि | २२ |
| १०. मोह ममताबाट मुक्ति | २८ |
| ११. समय | ३० |



संरक्षक
**निर्देशक, ब्रह्माकुमारी राजदिदी**

सम्पादक
**ब्रह्माकुमार तिलक बहादुर शाही**

प्रकाशक

**ब्रह्माकुमारी राजयोग सेवा केन्द्र**

विश्व शान्ति भवन, ब्रह्माकुमारी मार्ग, ज्याठा, ठमेल, काठमाण्डौ

फोन : ४२४९०५८,४२६२३३०

E-mail : omshantisandesh@gmail.com, rajyoga@ecomail.com.np

कला निर्देशक
**प्रा. राधेश्याम मुल्मी**

कम्प्युटर डिजाइन एण्ड सेटिङ्ग
**बी.के. बाल कृष्ण श्रेष्ठ**

मुद्रण
**शारदा प्रिन्टिङ्ग प्रेस**
न्यू प्लाजा, पुतली सडक फोन : ९८५१०६७८८४


 विश्व रचयिताबाट प्रेम प्राप्त गर्नु छ भने उनका रचना सँग प्रेम गरौं ।

सम्पादकीय



# कल्याणकारी शिव र शिवरात्रि पर्व

प्रति वर्ष फाल्गुण कृष्ण चतुर्दशीको दिन बडो धुमधाम र भव्यताका साथ मनाइने महाशिवरात्रि पर्व हाम्रो गौरवको प्रतीक, आस्थाको केन्द्र र धार्मिक धरोहर हो । महाशिवरात्रि पर्व गहन आध्यात्मिक रहस्य र अलौकिक शक्तिले ओतप्रोत एक महानतम पर्व हो अनि अनेकतालाई एकताको सूत्रमा आबद्ध गर्ने एक अद्भुत, विलक्षण र वेजोडको पर्व हो। महाशिवरात्रि करुणाका सागर, करुणा निधान, करुणा सिन्धु शिव परमात्माको दिव्य अवतरणको स्मरणोत्सवको पर्व हो । सृष्टिका सर्व आत्माहरू काम-क्रोधादि विकारको गुलामीबाट छटपटिएका छन्, दुःखी छन्, अशान्त छन् । उनीहरूलाई सच्चा स्वतन्त्रता दिलाई उनीहरूको मनोकामना पूर्ण गर्ने एक विशेष पर्व महाशिवरात्रि हो । महाशिवरात्रि मानव कल्याण, जगत कल्याण र विश्व कल्याणको पर्व हो अनि आत्म-जागृतिको पनि पर्व हो । विश्वमा विद्यमान अज्ञान, अन्धकार र तमोगुणलाई नाश गरेर सतोगुणको अभ्युदय गर्ने महत्वपूर्ण पर्व महाशिवरात्रि हो । महाशिवरात्रि रौरव नरक, कुम्भीपाक नरक, घोर नरक समान बनेको संसारको कायाकल्प गरेर एक स्वर्णिम स्वर्गको स्थापना गर्ने एक अद्भुत र आश्चर्यजनक पर्व हो। महाशिवरात्रि ज्योतिर्बिन्दु ज्ञानका सिन्धु निराकार शिव परमात्माको दिव्य अलौकिक अवतरणको एक पावन पर्व हो। विश्व कल्याणकारी, विश्व रचयिता, विश्व निर्माता, नव सृष्टिका सृजनहार, जगतका पालनहार सर्व शक्तिमान्, सर्व आत्माका पारलौकिक परमपिता शिवको दिव्य अलौकिक जन्मको यादगार पर्व नै महाशिवरात्रि पर्व हो । जसरी ज्ञान सागर परमात्मा शिवको महिमा अनन्त छ, कर्तव्य दिव्य छ र जन्म अलौकिक छ त्यस्तै उहाँको दिव्य अवतरण पर्व महाशिवरात्रिको महिमा महान् छ, गरिमा अपार छ, महत्ता विशाल छ ।

त्रिकालदर्शी, त्रिनेत्री, त्रिमूर्ति परमात्मा शिव नै सम्पूर्ण जगतका उद्धार र कल्याण गर्ने सर्व आत्माका पारलौकिक परमपिता हुनुहुन्छ । परमात्मा शिवको जगत कल्याणको पर्यायवाची शब्द नै शिव हो। शिव कल्याणको प्रतीक हो, शिव शुभको प्रतीक हो, शिव मंगलको प्रतीक हो । अतः शिव सर्व कल्याणकारी, सर्व मंगलकारी, सर्व शुभकारी र सर्व हितकारी हुनुहुन्छ । बहुमुखी व्यक्तित्वका धनी, वहुआयामिक प्रतिभाका धनी शिवका कर्तव्य जतिकै महान् छन् त्यतिकै उहाँका कर्तव्य वाचक नाम पनि सहस्रौ छन्, अनन्त छन्, अपरिमित छन् । तर पनि उहाँको पुरातन, सर्व सहज, सर्व सुलभ नाम शिव नै हो । उहाँलाई सत्यम् शिवम् सुन्दरम्, ओम

नमो शिवाय र सदा शिवबाट सम्बोधन गर्ने गरिन्छ । हामी आत्माहरू पुनर्जन्म लिदै जाँदा देहरूपी कलेवर बदलिदै जान्छ र सम्पूर्ण परिचय पनि बदलिदै रहन्छ तर परमात्मा पुनर्जन्मरहित हुनुभएकोले उहाँको शिव नाम शाश्वत छ, सनातन छ, अपरिवर्तनीय छ । आत्माहरूको दैहिक जन्म हुन्छ तर परमात्माको अवतरण । यही आत्मा र परमात्मा बीचको मुख्य भिन्नता हो । कर्म-बन्धनको कारण गर्भबाट उत्पन्न हुनाले आत्माहरू जन्म-मरणको चक्रमा पर्छन् तर परमात्मा शिव आवागमनको चक्रमा आउनुहुन्न । परमात्मा जन्म-मरणको चक्रबाट पर हुनुहुन्छ र परभन्दा पर रहनुहुन्छ त्यसैले उहाँलाई परात्पर भनिन्छ। सदा अनासक्त, सदा कर्मातीत र सदा शिव हुनुभएकोले परमात्मा कसैको पनि गर्भमा आउन सक्नुहुन्न । सर्वशक्तिमान् परमात्मालाई कुनै आमाले गर्भमा धारण गर्न सक्दैनन् साथै जगत्-पिताका कुनै पनि पिता हुन सक्दैनन् । परमात्मा शिवलाई स्वयम्भू भनिन्छ। उहाँ सर्व आत्माको कल्याणार्थ परकाया प्रवेश गरेर अवतरित हुन सक्नुहुन्छ । परमात्माले योगबलबाट प्रकृतिलाई वश गरेर एक मानवी तनमा दिव्य प्रवेश गर्नुहुन्छ र उनको मुखद्वारा सर्व आत्माहरूलाई प्रायः लोप गीता-ज्ञान र सहज राजयोगको शिक्षा दिनुहुन्छ । यसबाट नै परमात्माले अधर्मको विनाश र सद्धर्मको पुनर्स्थापना गर्नुहुन्छ ।

परमात्मा शिवको नाम जत्तिकै सर्वोच्च, सर्वश्रेष्ठ र सर्वोत्तम छ त्यस्तै उहाँको दिव्य कर्तव्य पनि अद्वितीय, अनुपम र अतुलनीय छ । शिव परमात्मा त्रिदेवहरूका पनि देव, धर्म पिताहरूका पनि परमपिता, मनुष्यलाई देवता बनाउने देवताका पनि परमपूज्य, ३३ कोटी देवी-देवताका आराध्य, सर्वका सद्गति दाता हुनुहुन्छ । जुन कर्तव्य सृष्टिका कुनै महान् शक्तिले पनि गर्न सक्तैनन् जुन कार्य अरूको लागि असम्भव नै हुन्छ त्यो कार्य परमात्मा शिवले सम्भव गरेर देखाउनुहुन्छ ।

आज यत्र-तत्र-सर्वत्र दुःख, कष्ट, पीडा आदिले व्याप्त छ। दुःख निवारणको परिप्रेक्ष्यमा मानिसले चालेको प्रयास अहिले निष्फल बन्दै गएको छ, अब केवल दुःख-हर्ता सुख-कर्ता परमात्मा शिवतिर सबैको ध्यान जाँदैछ। किनकि उहाँले नै सम्पूर्ण दुःख पीडाको संसारलाई बदलेर सम्पूर्ण सुखको दुनियाँ स्थापना गर्नुहुन्छ । आजको विश्व अशान्तिको थलो बनेको छ । यहाँ केवल हत्या, हिंसा, लडाईं, झगडा, मारीमारीको आवाज गुञ्जिएको छ । यस अशान्तिको दुनियाँलाई शान्तिको सरोवर केवल एक शान्तिका सागर परमात्माले नै गर्नुहुन्छ । आज चारैतिर पापाचार, भ्रष्टाचार, तमोगुण छ, संसार रौरव नरक, कुम्भीपाक नरक समान बनेको छ। यसलाई श्रेष्ठाचारी, सतोगुणी, स्वर्णिम संसार बनाउनु केवल एक पतित-पावन परमात्माको नै कर्तव्य हो । यति मात्र होइन सर्व आत्मालाई मुक्ति, जीवनमुक्तिको परमपद प्राप्त गराउनु गति, सद्गतिको सर्वश्रेष्ठ प्राप्ति गराउनु एक परमात्माको नै दिव्य कार्य हो । यही महान् कार्यको लागि हामी सर्व आत्माका परमपिता शिव पूर्व कल्पान्त जस्तै यस कल्पान्तको कल्याणकारी पुरुषोत्तम संगम युगमा साधारण मानवी तनमा दिव्य अवतरण हुनुभएको छ। आफ्ना दिव्य ज्ञान, आध्यात्मिक

ज्ञान, अलौकिक ज्ञान र सहज राजयोग साधनाको माध्यमबाट विश्वव्यापी रूपमा आत्माहरूलाई जागृति दिलाई परिवर्तन गरिरहनुभएको छ । परमात्माको ज्ञान-प्रकाशबाट कैयौं आत्माहरूले आफ्नो दिव्यीकरण गरेर स्व प्रकाशित गरेका छन् । जसरी सूर्यको उदय हुनासाथ अन्धकार नष्ट भएर जान्छ त्यस्तै ज्ञान सूर्य परमात्माको अवतरण हुने वित्तिकै अज्ञान अन्धकारको कालो बादल हटेर जान्छ । त्यसैले भनिन्छ -"**ज्ञान सूर्य प्रगटा अज्ञान अन्धकार विनाश**"

शिव परमात्मा सबैलाई सुख दिने सुखदाता, शान्ति दिने शान्तिदाता, मुक्ति दिने मुक्तिदाता, ज्ञान दिने ज्ञानदाता हुनुहुन्छ । शिव परमात्मा कहिल्यै पनि कसैसँग कुनै कुरा लिनुहुन्न । शिव भगवान्को नाममा कसैले कुनै द्रव्य वा कुनै कुरा अर्पण गर्छन् वा सफल गर्छन् भने पनि त्यसको कैयौं गुणा अधिक गरेर फिर्ता दिनुहुन्छ । आज पनि कैयौं भक्तहरू शिवालयमा तन, मन, धन सफल गर्छन् र त्यसको बदलामा कुनै न कुनै बेला कुनै न कुनै रूपमा प्रत्यक्ष अप्रत्यक्ष लाभ भएको पाउँछन् । शिवलाई अवढर दानी भनिन्छ । शिव दानी, महादानी, वरदानी हुनुहुन्छ । उहाँ दाता, विधाता, वरदाता हुनुहुन्छ। शिव भगवान्ले आत्माहरूलाई ज्ञान-रत्नले, वरदानले जन्म-जन्मान्तर, युग-युगान्तर, कल्प-कल्पान्तरको लागि पारावार, मालामाल गर्नुहुन्छ । शिवका भण्डार अखुट छन्, अखण्ड छन्, भरपूर छन् । त्यसैले भनिन्छ–**शिवका भण्डार भरपूर काल कण्टक दूर ।**

परमात्मा शिव नै ज्ञानका सागर, शान्तिका सागर, प्रेमका सागर, आनन्दका सागर हुनुहुन्छ । उहाँले सर्व आत्माहरूलाई माया (विकार) को पासोबाट मुक्त गर्नुहुन्छ त्यसैले उहाँलाई पापकटेश्वर र मुक्तेश्वर भनिन्छ । परमात्मा शिवले नै कौडी-तुल्य जीवन भएका मानवहरूलाई हीरा-तुल्य बनाउनु हुन्छ । त्यसैले उहाँको दिव्य जन्मको यादगार पर्व शिवरात्रि हीरा-तुल्य जयन्ती हो । यदि शिव परमात्मा नै सर्व आत्माका आफ्नै आत्मिक पिता हुनुहुन्छ र उहाँको दिव्य जन्म नै महाशिवरात्रि पर्व हो भनी बोध हुने हो भने संसारका सबै आत्माहरूले एउटै शिवको झण्डा मुनि रहेर बडो भव्यता, धुमधाम र उमंगका साथ यो पर्व मनाउने थिए । ज्योतिर्बिन्दु स्वरूप निराकार परमात्मालाई संसारका सबै धर्मपिता, धर्म संस्थापक र धर्मावलम्बीहरूले कुनै न कुनै रूपमा मान्दै आएका छन् । हिन्दु धर्मावलम्बीहरूले निराकार शिवको यादगारमा शिवलिङ्गको स्थापना गरेर त्यसकै पूजा अर्चना गरेको पाइन्छ । नेपाल, भारतमा मात्र होइन विश्वका कुना-कुनामा शिवका यादगार स्थल शिवालयमा शिवलिङ्गका प्रतिमा पाइन्छन् । यसलाई भक्तहरूले बडो श्रद्धाले पुज्दै, पुकार्दै, मान्दै आएको पाइन्छ । शिवलाई नै आफ्ना इष्टदेव, आराध्य देवको रूपमा मान्दै आएको देखिन्छ । क्रिश्चियन धर्मका धर्म संस्थापक जेसिस क्राइष्टले God is Light भनेर एक ज्योति तिर नै संकेत गरेका छन् । मुस्लिम धर्मका धर्म संस्थापक मोहमदले अल्लाह खुदा नूर वा प्रकाश हुनुहुन्छ भनी मानेका छन् । मुस्लिम धर्मावलम्बीहरू एक नूर वा ज्योतिलाई खुदाको रूप मान्दछन् । सिक्ख धर्मका धर्म संस्थापक गुरु नानकले सत्नाम एकोंकार भनी माथितिर संकेत गरेका छन् । बुद्धधर्मका धर्म संस्थापक

गौतम बुद्धले एक परमात्माको ध्यान, आराधना र तपस्या गरेर नै ज्ञानोदय भएको थियो । यसरी सर्व धर्मका धर्मपिता, धर्मसंस्थापकहरूले परमात्मालाई एउटै ज्योतिको रूपमा संकेत गरेका छन् । उहाँ नै सर्व आत्माका परमपिता हुनुहुन्छ, परमशिक्षक हुनुहुन्छ, परम सद्गुरु हुनुहुन्छ । वास्तवमा शिवरात्रि पर्व सर्व आत्माका आफ्नै पारलौकिक परमपिता परमात्माको दिव्य जन्मको यादगार पर्व हो ।

यदि यस पर्व भित्रको गहन आध्यात्मिक रहस्यलाई खोज, अनुसन्धान गर्ने हो भने संसारमै परिवर्तनको ठूलो लहर आउन सक्छ । आज हामी शिवरात्रिको एक दिन व्रत, उपवास, जागरण गर्ने गर्छौं । सात्विक रहनु, हिंसा नगर्नु, निराहार रहनु, पवित्र रहनु राम्रो कुरा हो तर शिवरात्रिको दिन अपनाएको पवित्रता, सात्विकता, ब्रह्मचर्य ब्रत यदि वर्षै भरी कायम राख्ने हो भने कति ठूलो प्राप्ति हुन्छ, कति ठूलो लाभ पुग्छ त्यसको वर्णन नै गर्न सकिंदैन । वास्तवमा शिवरात्रिको अभिप्रायः पनि यही हो । त्यस्तै सच्चा-सच्चा जागरण त आफूलाई आत्मिक स्मृतिमा निरन्तर कायम राख्नु हो । आत्मिक विस्मृति अन्धकार हो, सुषुप्ति हो भने आत्मिक स्मृति यथार्थ जागरण हो, प्रकाश हो । यो स्थिति सारा वर्ष भरी कायम रह्यो भने जीवन कति महान् र उज्ज्वल हुन्छ त्यो अकल्पनीय नै छ । अतः शिवरात्रि आत्म-जागृति को पर्व हो, पवित्रताको व्रत धारण गर्ने पर्व हो अनि सतोगुणी स्वभाव र संस्कार धारण गर्ने पर्व हो ।

विश्व-नाटकको वर्तमान काल अत्यन्त महत्वपूर्ण, सुन्दर र सुनौलो काल चलिरहेको छ। हामी अहिले कलियुगको अन्त्य र सत्ययुगको आदिको कल्याणकारी पुरुषोत्तम संगम युगमा उपस्थित भएका छौं । जहाँ स्वयं सर्वशक्तिमान् परमात्माको सृष्टि परिवर्तनको विशेष कार्य प्रत्यक्ष रूपमा चलिरहेको छ । अबढरदानी भोलेनाथ भगवान्का वरदानका भण्डारहरू पूर्ण रूपमा खुलेका छन् । परमात्मा अविनाशी ज्ञान-रत्नबाट आत्माहरूलाई शृङ्गार गर्दै हुनुहुन्छ, सजाउँदै हुनुहुन्छ अनि भरपूर गर्दै हुनुहुन्छ । उहाँले आगामी कल्पको लागि समेत सम्पन्न गर्दै हुनुहुन्छ । कैयौं आत्माहरू परमात्माका यी अविनाशी ज्ञान-रत्न, हीरा-रत्न आदिबाट पारावार, मालामाल र भरपूर बन्दै छन् । यसबाट संसारका कुनै पनि आत्मा बञ्चित न रहून् ।

वर्तमान संगम युगमा परमात्मा शिव अवतरण भएर आफ्नो दिव्य कर्तव्य गर्न थाल्नुभएको ७८ वर्ष पूरा भएर ७९ वर्षमा प्रवेश गर्दैछौं । यस वर्ष ब्रह्माकुमारीजले विश्वव्यापी रूपले विविध कार्यक्रमका साथ आफ्नो ७९ औं महाशिवरात्रि पर्व मनाउँदै छ । यसमा सहभागी हुन समस्त आत्माहरूलाई हार्दिक अनुरोध गर्दछौं ।

अन्त्यमा महाशिवरात्रिको पुनीत उपलक्ष्यमा सम्पूर्ण पाठकवृन्द तथा समस्त आत्माहरूको उन्नति, प्रगति, समृद्धिको हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।



# शिवरात्रिलाई विश्वव्यापी पर्व मान्न सकिने आधारहरू

ब्रह्माकुमार रामसिंह ऐर

सनातन हिन्दू धर्ममा परम्परागत रूपमा फाल्गुण महिनाको कृष्ण पक्षको अन्धकार पूर्ण रात्रिका बेला भक्तिभाव र श्रद्धा पूर्वक मनाइने शिवरात्रि वास्तवमा सत्यम् शिवम् सुन्दरम् परमात्मा शिवको दिव्य कर्तव्यको स्मरणोत्सव पर्व हो । संसारको अत्यन्तै अज्ञानमय घोर अन्धकार रात्रिका बेला ज्ञान प्रकाशको उदय हुनु आवश्यक हुन्छ । अज्ञानको अन्धकारका कारण मानव प्राणी अन्यौल र मार्ग विहीन स्थितिमा रहन्छन् जसले गर्दा अनेक प्रकारका दुःख, कष्ट र पीडाका घाउ र चोटहरूबाट दुःख भोगिरहेका हुन्छन् । वेदनात्मक मनस्थितिमा उकुसमुकुसको अवस्था महसुस गरिरहेका हुन्छन् । सर्वत्र अनाचार, अत्याचार, भ्रष्टाचार, हिंसा, हत्या, भय त्रास र अशान्तिको कोलाहलपूर्ण वातावरण हुन्छ । अर्धम र असत्यको विगविगी तथा आधिपत्य रहेको हुन्छ । विकार रूपी असुरहरूले प्रत्येकलाई चिथोर्ने, कोतर्ने र त्राहीमान त्राहीमान र भयभित गरिरहेका हुन्छन् । यस्तो हालतमा मानिस सत्य र धर्मबाट बेमुख हुन्छ तथा कमजोरीको अधीनमा हुन्छ । विवेकले न चाहँदा न चाहँदै पनि मनोविकार, आसुरी वृत्ति र अशुद्धिको प्रभावबाट परिचालित हुन्छ । यो विकट र अन्यौलपूर्ण स्थितिलाई नै लाक्षणिक भाषामा रात्रि शब्दबाट सम्बोधन गरिएको हो । फाल्गुण महिनाको कालो चतुर्दशीका दिन २४ घण्टा भित्र पर्ने रात्रि त आफैंमा अन्धकारमय हुन्छ नै । तर यस रात्रिसँग तारतम्य गरेर मनाइने शिवरात्रि पर्वले समग्र मानव समाजको दुःखद, दिशाहीन र दुर्गतिको अवस्थालाई दर्शाउने गर्दछ ।

अति धर्मग्लानि र चरम असत्यको बेलामा नै सत्धर्म स्थापक, सत्य ज्ञानका दाता, ज्ञान सूर्य, दुःख मोचन, मुक्तेश्वर, पापकटेश्वर, सर्वेश्वर, करुणानिधान परमात्मा शिवको अज्ञानको अन्धकारलाई नष्ट गर्न यस धर्तीमा अवतरण हुन्छ । शिव शब्दको अर्थ नै हो कल्याणकारी, मंगलकारी, शुभकारी, उपकारी र परोपकारी । किनकि परमात्मा शिवले सधैं हर अवस्थामा सबैको कल्याण र भलो गर्नुहुन्छ, दुःख कष्टबाट उद्धार गरी मुक्ति र जीवनमुक्ति दिनुहुन्छ । दया र क्षमा गर्नुहुन्छ तथा भोला भण्डारीको रूपमा सबैलाई वरदान र शक्तिले मालामाल गरिदिनुहुन्छ । त्यसैले उहाँको गायन छ भोलेभण्डारी काल कण्टकहारी । परमात्मा शिवको महिमा जहिल्यै पनि कल्याण कर्त्ताको रूपमा हुने गर्दछ । अर्को पक्षबाट विचार गर्दा शिव अर्थात् प्रकाश स्वरूप, दिव्य ज्योतिर्मय, स्वयम्भू अखण्ड ज्योतिरूप, ज्योतिमा पनि महाज्योति, ओजस्वी, तेजस्वी जसको यादगार सर्वत्र संसार भरी ज्योतिर्लिङ्गम् रूपका प्रतिमा स्थापित छन् । अर्थात् अन्य देवपुरुष, महापुरुष र महाविभूतिको जस्तै उहाँको सुन्दर आकृतिबाट अलंकारित आकारी कायिक चित्र कहीं कतै छैन । विश्व भरिका सम्पूर्ण शिव मन्दिरहरूमा ज्योतिरूपको प्रतीक शिवलिंग अर्थात् ज्योतिर्लिंग नै स्थापना गरिएको पाइन्छ । शास्त्रीय भाषामा ज्योतिर्लिङ्गम् अर्थात् शिवलाई दिव्य प्रकाशमय रूपमा वर्णित गरिएको छ । साथै शिव बीजरूप, आदित्य, आदिरूप,

वृक्षपति, उत्पत्ति, पालना र लय कर्ताका रूपमा सर्वमान्य र सर्वोपरि रूपमा स्वीकार गरिएको छ। देवका पनि देव त्रिमूर्ति ब्रह्मा, विष्णु, शंकरका पनि रचयिता, देवात्मा, धर्मात्मा, महात्मा तथा पुण्य आत्मा, मेसेन्जर, पैगम्बरका पनि अधिष्ठा उहाँ बीजरूप हुनुहुन्छ। शिव परमात्मा अकाया, अजन्मा र अयोनिज ,जन्म मरणबाट पर हुनुहुन्छ। त्यसैले उहाँलाई शिवपरमात्मने नमः को मन्त्रबाट पुकार गरिन्छ।

विवादरहित सुन्दर पक्ष के छ भने सबै मूल धर्मका धर्म संस्थापकहरूले समेत ज्ञान, गुण र शक्तिको मूल र अजस्र स्रोत प्रकाश स्वरूप ज्योतिलाई नै स्वीकार्दै त्यसैतिर संकेत गरेका छन् । इस्लाम धर्मका प्रवर्तक इब्राहिम तथा मुस्लिम धर्मका पैगम्बर मुहम्मद साहेबले समेत परमात्मा अर्थात् अल्लाहको रूपलाई नूर (ज्योति) को रूपमा स्वीकार गरेका छन्। मक्कामा स्थापित संगे असवद शिवलिंग आकारको कालो पत्थर आकाशवाणी भई त्यस ठाउँमा आकाशबाट खसेको किम्वदन्ती छ जो वास्तवमा नूरे इलाइको प्रतीक हो। यद्यपि महात्मा बुद्ध ईश्वरका बिषयमा मौन रहेको देखिन्छन् तथापि उहाँलाई पनि वटवृक्ष मुनि बसेर तपस्याको पराकाष्ठामा पुग्दा बोधिसत्य (Supremely Wise) को साक्षात्कार भने प्रकाश रूपमा नै भएको थियो । जापानका बुद्धिष्टहरू चिनकिन सेकी नामक शिवलिंग आकारको प्रतिमालाई तीन फिट उचाइको तिपाईमा राखी ध्यान गर्दछन् त्यसलाई शान्तिको प्रतीक मान्दछन् । जेसस क्राइष्टले स्पष्ट शब्दमा भन्नु भएको छ परमात्मा प्रकाशमय हुनुहुन्छ म उसको पुत्र हुँ। ( God is Light I am the son of God )। परमात्माको विषयमा प्रकाशमय ज्योति स्वरूपको नै प्रमुख मान्यता छ क्रिश्चियन धर्ममा। सिक्ख धर्मका धर्मपिता गुरुनानक देवले पनि एकोंअकार, सत्नाम, अकालमूरत रूपमा परमात्माको महिमा र गायन गरेका छन् अर्थात् परमात्मा अशरीरी, अव्यक्तमूरत हुनुहुन्छ भन्ने संकेत गरेका छन् । अन्य धर्मका आदि पुरुषहरूबाट पनि परमात्माको स्वरूपलाई प्रकाश पुञ्जका रूपमा स्वीकार गरिएको छ र त्यही उपदेश उनीहरूले मानव जातिलाई उपहारका रूपमा प्रदान गरेका छन्। ईश्वरको मूल शाश्वत सत्य स्वरूपका बिषयमा कहिँ कतै विवाद र विरोधाभास छदै छैन । ईश्वर र धर्मका नाममा भएका लडाईं, झगडा र विवाद वास्तवमा पछिल्ला साम्प्रदायिक उपज हुन् । यी सबै अज्ञान जनीत त्रुटीपूर्ण क्षेपक कुरा मात्रै हुन् तथा संकुचित विचार धाराबाट परिचालन भई स्वार्थ सिद्धिका माध्यम मात्रै हुन्। प्रत्येक धर्मको मूल मान्यता सत्य, प्रेम, सद्भाव, दया, करुणा र अहिंसा नै हो ।

यसै गरी अति प्राचीन धर्मका रूपमा मान्यता प्राप्त यहुदी धर्मले पनि ईश्वरलाई जेहोवा वा यहोवा ज्योति रूपमा नै स्वीकारेको छ । यहुदी धर्ममा पैगम्बर हजरत मुसालाई पहाडीमा जलेको आगोको झिल्काका रूपमा ईश्वर जोहेवाको साक्षात्कार भएको कथन छ र भनिन्छ उहाँले सिधै परमात्मासँग वार्तालाप गरेका थिए। यहुदीहरूमा बाले नामको शिवलिंगलाई बेलफेगो नामबाट पुकारिने र नमन गरिने प्रथा छ तथा कुनै पनि महत्वपूर्ण कार्यको अभिभारा ग्रहण गर्दा वा शपथ (oath) लिदा त्यसलाई सम्झने त्यसको कसम लिने चलन थियो । जैन धर्मका प्रवर्तक महावीरले परमात्माको स्वरूपलाई अर्हन्त सत्यशीलापति दिव्य प्रकाशका रूपमा नै स्वीकार गरेका थिए। सनातन हिन्दू धर्मका सबै प्राचीन शिव मन्दिरमा स्थापित प्रतिमा र प्रतीक रामेश्वरदेखि पशुपतिनाथसम्म, सोमनाथदेखि केदारनाथसम्म वा विश्वनाथ काशीदेखि वैद्यनाथसम्म शिवलिंगका ज्योतिर्मय स्वरूपमा नै प्राप्त हुन्छन्। वेदमा शिवम्

केवल भासकम् भासकनामम् बाट गायन हुनु, गीतामा ज्योतिषाअपि तत् ज्योतिको रूपमा उल्लेख हुनु, शिवपुराण, मनुस्मृति, स्कन्दपुराण आदिमा समेत सृष्टिको महाप्रलयका बेला अर्थात् यसको अधोपतनका बेला अण्डाकार ज्योति प्रकट भई त्यसको उद्धार गरेको वर्णन कथावस्तुका रूपमा लेखिनु तथा महाभारत वनपर्व, बाल्मीकि रामायणको उत्तरकाण्डमा शिव ज्योतिको नै उपासना र आराधनाको सर्वोपरि महत्वको वर्णन हुनुले परमात्मा शिव ज्योतिर्मय नै सर्वज्ञ, सर्वोपरि र सर्वेश्वर भएको सत्यको पुष्ठि हुन्छ । उल्लिखित प्रसंगहरू परमात्माको सर्वमान्य स्वरूपका भरपर्दा आधारहरू भएको कुरा सिद्ध हुन्छ ।

संसारका अति प्राचीन सभ्यता र संस्कृतिको गहन अध्ययन गरी निचोडमा पुग्दा स्पष्ट रूपमा पुष्टि हुन्छ कि एकताका संसारभरि शिव परमात्माको पूजन, मान्यता र श्रद्धा नै सर्वोपरि स्थानमा थियो । अरब देशको सबै भन्दा प्राचीन शहरको नाउँ शिवम् थियो र हाल पनि त्यही नाम मौजुद छ । अरब देशको एक राजधानीको नाम शियून थियो जो शिवको नै अपभ्रंन्श नामको प्रतीक हो भन्न आपत्ति हुनेछैन । मोहन्जोदडो, हडप्पा र चुहुन्जोदडोको प्राचीन सभ्यताको उत्खननबाट पनि शिवलिंग, नन्दीगणका मोहर, शील र प्रतिमा प्राप्त हुनुले त्यस सभ्यतामा पनि शिव ज्योतिर्मयको गायन, पूजन र प्रार्थना हुने गरेको कुरा स्वतः सिद्ध हुन्छ। बेबोलियन सभ्यतामा शिउन, मिश्रको सभ्यतामा सेवा वा सेवाजिया नामले शिव प्रतिमाको पूजा गरिने चलन थियो । वास्तवमा सेवाजिया नाम पनि शिवजीबाट नै बनेको प्रतीत हुन्छ। मिश्रको अर्को ठाउँमा शिवलिंगलाई आईसिस अर्थात् ईश शब्दको नाम दिनु तथा रोमको सभ्यतामा प्रियपस नामबाट पुकारिनुले ती सभ्यतामा पनि शिव प्रतिमाको छाप र प्रभाव रहेको सत्य सिद्ध हुन्छ । चीनको प्राचीन सभ्यतामा शिवलिंगलाई हुवेड-हिफूह नामबाट पुजिने गरिन्थ्यो भने युनान देशमा शिवलिंगलाई फल्लूस नामबाट पुकार गर्ने चलन थियो। यसै प्रकार इरान देशमा ज्वाला शिवलिंगको पूजा हुनु, संयुक्त राज्य अमेरिकाको टेन्सी शहरमा शिवलिंगलाई धनलिंग भनिनु तथा दक्षिण अमेरिकाको ब्राजिल भूभागमा शिव स्मरण चिन्हका भग्नावशेष प्राप्त हुनुले शिव परमात्माको प्रकाशमय स्वरूपले विश्व मान्यता पाएको प्रमाणित हुन्छ । अध्ययन गर्दैजादा संसार भरिका अन्य देश तथा शहरहरूमा विभिन्न भाषा अनुसार नामाकरण गरिएका शिवलिंगका प्रतिमाले शिवको सर्वोपरि स्थानलाई मुक्त कण्ठले पुष्टि गर्दछन् । यस पक्षमा प्रसिद्ध इतिहासकार तथा शोधकर्ता हट्टन र विद्वान् कर्नल टाँड (Tod) ले गरेका अनुसन्धान तथा प्रकाशनहरूबाट शिवको प्रकाशमय स्वरूपका भरपर्दा सर्वमान्य आधारका सिद्ध हुन्छन् एवं शिव परमात्माको विश्वव्यापी रूपमा सर्व स्वीकार्य छवीको स्पष्ट गर्दछन् ।

उल्लिखित जानकारी र उपलब्ध तथ्यहरूलाई निष्पक्षरूपमा तथा सत्य न्यायिक हिसाबले स्वीकार गर्ने हो भने शिवरात्रि पर्व केवल सनातनी सम्प्रदायहरू वा हिन्दू अनुयायीहरूको मात्रै नभएर संसारका सम्पूर्ण मानव जाति, सर्व धर्म, विविध मान्यता र संस्कृतिका व्यक्तिहरूको समेत उत्तिकै महत्व, आस्था र श्रद्धाको पर्व हो भन्नुमा अत्युक्ति नहोला । स्वच्छ विवेकको आँखाले हेर्दा तथा मनन चिन्तनको गहिराइमा गएर अनुभव गर्दा परमात्माको दिव्य ज्योतिर्मय स्वरूपलाई सबैको हृदयले श्रद्धासाथ स्वीकार गर्छन् नै । तर वर्तमान प्रचलन र रीति रिवाजमा जुन हिसाबले शिवरात्रि पर्वलाई मनाउने गरिन्छ वा त्यस विषयमा केवल



संकल्पलाई बचायौं भने समय र बोली स्वतः बच्नेछन् ।

आख्यान, उपाख्यानलाई र कथावस्तु वर्णन गरिन्छन् त्यत्तिले मात्रै शिव परमात्माको विश्व कल्याणको महान् कर्त्तव्यको गुणगाथा, गौरव र महिमालाई जनमानसमा प्रभावकारी र लाभकारी रूपमा प्रवाहित गर्न सकिदैन । त्यसका लागि परम्परागत रीतिरिवाजको तथा कथावस्तुको शब्दार्थ भन्दा पनि त्यसको भावार्थ र सत्यार्थलाई जान्ने र बुझ्ने कोसिस गऱ्यौं भने शिवरात्रि पर्वले मानवको सोच, चेतना, वचन, कर्म, व्यवहार र जीवन पद्धतिमा नयाँ मोड दिने सशक्त सन्देश दिनेछ । शिव बुटीका नाममा सेवन गरिने तथाकथित चरेश, भाँग, धतुरो जस्ता स्वास्थ्यका लागि हानिकार र विवेकलाई शून्य गर्ने तत्वहरूको कुलतबाट आम समाज र साधु-सन्त समूह आदि मुक्त हुनेछन् । वास्तबमा नराम्रा स्वभाव, संस्कार, मनोविकार, कुबानी व्यहोरा, लत कुलत, कुकृतबाट स्वयंमा दृढ मनोवल राखी आफूलाई सुरक्षित राख्नु र बचाउनु नै सच्चा ब्रत वा प्रतिज्ञा हो । आत्म विभोर भई परमात्माको प्यारमा तल्लीन र लवलीन भएर परमात्मा शिवको सानिध्यको अनुपम अलौकिक अनुभूति गर्नु नै उपवास वा प्रभुको सानिध्य र सामीप्य हुनु हो । यस्तै निरन्तर ज्ञान योगका चिन्तन र अभ्यासमा सचेत र संलग्न रही काम, क्रोध, लोभ, मोह, अहंकार ईर्ष्या आदि विकारहरूको आक्रमणलाई परास्त गर्न सक्नु, ज्ञान प्रकाशबाट अज्ञान अन्धकारलाई नाश गर्नु नै वास्तवमा जागरण र जागृति हो । यस प्रकारको चेतना, समझ, सोच र मान्यताका आधारमा शिवरात्रि पर्वको मर्म र मान्यतालाई आचरणबद्ध गर्न सकेमा मात्र मानव जीवनको सकारात्मक परिवर्तन र सुधार हुनुका साथै समाज, देश तथा विश्वमा सुख, शान्ति र अमन चयनको नयाँ वातावरण बन्नेछ तथा संसारले नयाँ मोड लिनेछ ।

सृष्टि चक्र पुनरावृत्तिको अत्यन्तै विकट कालखण्डमा यसको पुनर्उत्थानका लागि पुनः परमात्मा शिव भगवान् पशुपतिनाथ प्रजापिता ब्रह्माको भाग्यशाली रथ (नन्दीगण) को मानवी कायाद्वारा विगत ७९ बर्ष देखि विश्व परिवर्तन, विश्व नवनिर्माणको महान् दिव्य कर्त्तव्य गरिरहनुभएको छ । वर्तमान समय जगतका सम्पूर्ण मानव आत्माहरूका लागि अत्यन्तै शुभ र मूल्यवान् पनि छ किनकि यस बेलामा परमात्म शक्तिद्वारा महापरिवर्तन प्राप्त गर्ने शुभमुहूर्त (Time of Receiving God's Power for Great Transformation) पनि रहेको छ । यस महापरिवर्तनबाट भाग्यविधाता, वरदाता, दुःखहर्त्ता सुखकर्त्ता परमात्मा शिव बाबाले हाम्रोलागि सुख, शान्ति र पवित्रता सम्पन्न स्वर्गिक दुनियाँको राज्य भाग्य ईश्वरीय उपहारका रूपमा स्थापना गरिरहनुभएको छ । त्यस उपहारको योग्य पात्र बन्न वा स्वर्गिक राज्य भाग्यको हकदार बन्न इच्छुक आत्माले पवित्र र राजयोगी बन्नु जरुरी हुन्छ । यसका लागि ब्रह्माकुमारी मिसनको विश्वव्यापी रूपमा मानव सेवाको कार्य अनवरत रूपमा चलिरहेको छ । अतः यस वर्षको शिवरात्रि पर्वमा यस अद्भुत रहस्य प्रति चासो र अभिरुचि राखी स्पष्ट हुन सम्पूर्ण पाठक वृन्दमा हार्दिक अपील गर्दछु । यस अपीलमा कुनै व्यक्तिगत यश, मान, शानको इच्छा वा संस्थाको बढाइ चढाइ प्रचार प्रसार गर्ने तथा नामाचारको इरादा राखिएको होइन बरु शुभ चिन्तक र मित्रवन् भावना राखी सबैले परमात्मा पिताको अमूल्य ईश्वरीय सुख, शान्ति र समृद्धिको विरासत पाउन सकून् भन्ने शुभेच्छा र सदिच्छा मात्र हो । ७९ औं महाशिवरात्रिको सबैमा हार्दिक मंगलमय शुभकामना एवं बधाई छ ।

# यसरी मनाऔं शिवरात्रि महापर्व

ब्र.कु भगवान भाइ, मधुवन

देवाधिदेव महादेव शिवको महिमा अनन्त छ, उहाँको कर्तव्य दिव्य छ र जन्म अलौकिक छ । यसै दिव्यता र अलौकिकताको कारण नै उहाँसँग जोडिएका प्रसंग रहस्यमय बनेर किम्बदन्तीहरूमा बदलिए। जसरी भनिन्छ – शिवलाई अखाद्य पदार्थ जस्तै भांग-धतुरो आदि प्रिय लाग्छन्, भूत-प्रेत आदि उनका गण हुन्, उहाँको घाँटीमा सर्पको माला सुशोभित छ र उहाँ वर्फिलो हिमाल (कैलाश पर्वत) मा निवास गर्नुहुन्छ ... । यस प्रकारका अन्य अनेकानेक रोचक र रहस्यमय पौराणिक प्रसंग उहाँको जीवनसँग जोडिएका छन् । यसै पौराणिक रहस्यको कारण नै शिवरात्रिको माहात्म्य कर्मकाण्ड र वर्षमा केवल एक पटक रीति-रिवाज मनाउनमा सीमित रहेको छ। अब शिवरात्रि सँग जोडिएका आध्यात्मिक रहस्यको सत्य उद्घाटनको आवश्यकता छ जसबाट सच्चा शिवरात्रि मनाएर आफ्नो जीवनमा सत्यम् शिवम् सुन्दरम्लाई समाहित गरेर यसलाई सफल बनाउन सकौं ।

शिवको पूजा शिवलिङ्ग रूपी प्रस्तरको रूपमा गरिन्छ । शिवलिङ्गलाई ज्योतिर्लिङ्ग पनि भनिन्छ । द्वादश ज्योतिर्लिङ्ग पनि भनिन्छ। द्वादश ज्योतिर्लिङ्ग नेपाल र भारत वर्षमा प्रख्यात छन् जसको दर्शन र अर्चन गर्नु प्रत्येक धर्म परायण व्यक्तिको पुण्य कारक हुन्छ। ज्योतिर्लिंङ्ग, परमपिता परमात्मा शिवको अव्यक्त र अभौतिक स्वरूपको यादगार हो। यो शिवको नयाँ दुनियाँको सृजनात्मक र अन्तर्निहित शक्तिको परिचायक हो । शास्त्रीय दृष्टिकोणलेशिवकल्याणकारीस्वरूपकोपरिचायकहो तथा लिङ्ग चिन्ह अथवा प्रतिमालाई व्यक्त गर्दछ। यस प्रकार शिवलिङ्ग अर्थात् कल्याणकारी शिव परमात्को प्रतिमा । त्यसैले पनि ज्योतिलिङ्ग परमात्मा शिवको ज्योतिर्बिन्दु स्वरूपलाई नै व्यक्त गर्दछ । प्रायः सबै धर्ममा परमात्माको यथार्थ स्वरूपलाई नूर, डिभाइनलाइट, ओंकार नै मानिएको छ । अतः शिव सबै मनुष्य आत्माहरूका परमपिता हुनुहुन्छ ।

सच्चा शिवरात्रि प्रचीन धार्मिक परम्पराको अनुसार शिवरात्रिको पर्व प्रतिवर्ष फाल्गुण महिनाको कृष्ण पक्षको अमावस्याको एक दिन पूर्व मनाइन्छ। यस पछि शुक्ल पक्षको आरम्भ हुन्छ। केही दिन पछि नै नयाँ वर्षको आरम्भ हुन्छ । शिवसँग जोडिएको रात्रिको सामान्य अर्थ त्यस रात्रिसँग होइन, जो पृथ्वीको चारैतिर कक्षीय चक्रको कारण आउँछ जसरी शिव शब्दको आध्यात्मिक अर्थ कल्याणकारी हुन्छ त्यसै प्रकार दार्शनिक दृष्टिकोणले रात्रि शब्द अज्ञानता, पापाचार र खराब कर्मको प्रतीक हो । अतः शिवरात्रि अर्थात् घोर तमोप्रधान धर्म ग्लानिको समय लोक कल्याणार्थ परमपिता परमात्मा शिवको अवतरणको यादगार पर्व हो। जब यस संसारमा धर्मको स्थान कर्मकाण्ड,

कर्मको स्थान आडम्बरले लिन्छ । संसारमा चारैतिर पापाचार, अनाचार र भ्रष्टाचारको नै पाप व्यक्तिहरूको शिरमा चढेर बोल्न थाल्छ तब त्यही काल परमात्मा शिवको अवतरणको समय हुन्छ । फाल्गुण महिनाको कृष्ण पक्षको चतुर्दशी आत्माहरूको अज्ञान-अन्धकार अथवा आसुरी गुणको पराकाष्ठाको प्रतीक हो। यस पछि शुक्ल पक्ष चाहिँ परमात्मा शिवद्वारा ईश्वरीय ज्ञान द्वारा पवित्र र सुख-शान्ति सम्पन्न नयाँ सृष्टिको प्रारम्भको प्रतीक हो ।

वर्तमान सृष्टिको कालखण्डमा तमोप्रधानता र अज्ञानता आफ्नो चरम सीमाको अन्तिम किनार ासम्म पुगिसकेको छ। चारैतिर पाँच विकारको हाहाकार एवं कोलाहल मच्चिएको छ । धर्म सत्ता, कर्तव्य विमुख भइसकेको छ, राज्य-सत्ता पथ-भ्रष्ट र कर्म-भ्रष्ट भइसकेको छ एवं विज्ञान-सत्ता विनाशतिर निरन्तर कदम बढाइसकेको छ चारैतिर अन्धकार नै अन्धकार छ । दिनको प्रकाशमा पनि विकार र अज्ञानता रूपी रात्रिको चारैतिर साम्राज्य छाएको छ । यही घोर अज्ञानता रूपी रात्रिमा परमात्मा शिवको अवतरणको समय छ। वर्तमान समयमा परमपिता परमात्मा शिव अवतरित भएर अज्ञानताको विनाश र नयाँ सत्ययुगी दुनियाँको स्थापनाको दिव्य कर्तव्य गरिरहनुभएको छ ।

**विकार, कुसंस्कार र आसुरी प्रवृत्तिलाई शिवमा चढाऔं**

शिवरात्रिको अवसरमा शिवलिङ्गमा बेल-पत्र, बयर, धतुरो इत्यादि खाद्य पदार्थ चढाउने रीति-रिवाज प्रचलित छ । भक्तहरू यस दिन शिव मन्दिरमा विशेष रूपले रात्रि जागरण गरेर शिवको आराधना गर्छन् एवं अन्न-जलको ब्रत राख्छन् । तर परमात्मा शिव चाहिँ हामी मनुष्यात्माहरूले केवल उपयुक्त भौतिक वस्तु चढाउनाले प्रसन्न हुनुहुँदैन । किनकि हजारौं वर्षदेखि शिवरात्रिको दिन ब्रत, उपवास र पूजन अर्पण क्रम त हुँदै आएको छ तर पनि आजसम्म शिव प्रसन्न हुनुभएको छैन ।

यसको आध्यात्मिक यथार्थ रहस्य हो – वर्तमान संगमयुगमा मनुष्य आत्माहरूलाई पावन बनाउनको लागि परमात्मा शिव काम, क्रोध, लोभ, मोह, अहंकार, कुसंस्कार एवं आसुरी प्रवृत्तिको दान लिइरहनुभएको छ । यी सूक्ष्म मनोविकारहरूलाई मानसिक रूपबाट परमात्मा शिवको सम्मुख अर्पण गरेर जीवनमा पवित्रता र आत्मालाई दुर्गुणबाट बचाउने महामन्त्र लिनुपर्छ । तब हाम्रो जीवनमा सुख-शान्ति एव दिव्य-गुणको सच्चा धारणा हुन सक्छ एवं परमात्मा शिवबाट हामी आफ्नो पुरुषार्थ अनुसार जन्म-जन्मान्तरको लागि ईश्वरीय राज्य-भाग्यको अधिकार प्राप्त गर्न सकिन्छ ।

**ईश्वरीय सन्देश**

यस सृष्टिमा निराकार ज्योतिर्बिन्दु स्वरूप परमपिता परमात्मा शिव अवतरण हुनुभएको ७९ वर्ष भएको छ । सृष्टि-चक्रको ड्रामा अनुसार उहाँ साकार मनुष्य प्रजापिता ब्रह्माको तनमा अवतरित भएर ईश्वरीय ज्ञान र राजयोगको शिक्षा दिरहनुभएको छ । सर्व मनुष्य आत्माहरूलाई हार्दिक निमन्त्रण छ । परमात्मा शिवद्वारा दिइएको यस ईश्वरीय ज्ञानलाई जीवनमा धारण गरेर जन्म-जन्मान्तरको लागि श्रेष्ठ राज्य-भाग्य प्राप्त गरौं ।

# प्रसिद्ध बाह्र ज्योतिर्लिङ्ग र त्यसमा लुकेका केही ज्ञानहरू

ब्रह्माकुमार .देवराज प्रधान, दार्जिलिङ

आराध्य देव शिव पशुपतिनाथका यादगार स्वरूप शिवलिङ्ग नेपाल भारतमा मात्र होइनन् अपितु विश्वका कुना कुनामा समेत पाइन्छन् । ती मध्ये १२ वटा स्थानहरूमा शिवका प्रसिद्ध तीर्थस्थलहरू छन् जसलाई द्वादश ज्योतिर्लिङ्ग अथवा ज्योतिर्लिङ्ग मठ भनिन्छ । आज भक्तहरूले शिवको पूजा-अर्चना त गर्छन् तर शिवलिङ्गम् कसको प्रतिमा हो, कसले कुन महान् कार्य कहिले गरेका थिए साथै द्वादश ज्योतिर्लिङ्गम्ले के शिक्षा दिइरहेका छन् यसबारे प्रायः मानिसहरू अनभिज्ञ छन् ।

लिंग शब्द को अर्थ हो 'चिन्ह' शिवलिङ्ग भनेको सत्, चित्, आनन्दस्वरूप परमपिता परमात्मा शिवको स्मृति चिन्ह हो । यसलाई ज्योतिर्लिङ्गम् पनि भनिन्छ जसको अर्थ हो ज्योतिस्वरूप परमपिता शिवको स्मृति चिन्ह। शिवको अर्थ हो 'कल्याणकारी' । परमपिता शिव कलियुगी घोर रात्रि अथवा पापाचारको रात्रिको समयमा प्रजापिता ब्रह्मा बाबाको साकार तनमा दिव्य प्रवेश गरेर समस्त मानव आत्माहरूलाई काम, क्रोध, लोभ, मोह अनि अहंकारको परतन्त्रबाट मुक्त गराउने विश्व कल्याणको कर्त्तव्य गर्नुहुन्छ, यसैकारण उहाँको कर्त्तव्यवाचक नाम शिव हो । परमपिता शिव प्रजापिता ब्रह्माको साकार तनमा दिव्य अवतरणको स्मृतिमा हामी शिव मन्दिरहरूमा नन्दीगण पाउँछौं जसलाई शिवको सवार पनि भनिन्छ । मन्दिरहरूमा सानो नन्दीगण पनि पाउँछौं त्यो प्रजापिता ब्रह्माले आफ्नो देह त्याग गरेपश्चात् हृदयमोहिनी दादी (गुल्जार दादी) को तनमा परमपिता शिवले प्रवेश गर्नु भएर ज्ञान सुनाउनुहुन्छ त्यसैको प्रतीक सानो नन्दीगण हो परमपिता शिवको दोस्रो सवार। आज भक्तहरूले शिव भन्नाले प्रायः शंकरलाई सम्झन्छन् तर शिव र शंकर एकै होइनन्, उनीहरूमा महान् अन्तर छ । परमात्मा शिव ब्रह्मा, विष्णु र शंकरका पनि रचयिता हुन्, परमात्मा शिव शंकरका पनि पिता हुन् । परमात्मा शिव निराकार ज्योति बिन्दु स्वरूप हुनुहुन्छ, अनि शंकर सूक्ष्म प्रकाशको शरीरधारी आकारी देवता हुनुहुन्छ । परमात्मा शिव परमधाम निवासी हुनुहुन्छ अनि शंकर सूक्ष्मवतनवासी हुनुहुन्छ । परमात्मा शिव सर्वका कल्याणकारी हुनुहुन्छ अनि शंकर संहारकर्त्ता हुनुहुन्छ। शिवको मन्दिरलाई शिव मन्दिर अथवा शिवालय भनिन्छ शंकर मन्दिर होइन, यसैकारणशिवमन्दिरहरूमाज्योतिर्बिन्दुपरमात्माशिवको प्रतिमा शिवलिंग पाइन्छ । परमात्मा शिवको दिव्य जन्मोत्सवको स्मृतिमा शिवरात्रि मनाइन्छ शंकररात्रि होइन । शंकरलाई कतिपय चित्रहरूमा आफ्नो इष्टको ध्यान गर्दै गरेको देखाइन्छ, त्यसो भए उहाँको इष्टको हुनुहुन्छ, अवश्य नै परमात्मा शिव हुनुहुन्छ, त्यसैले उहाँको अगाडि पनि शिवलिंग देखाइन्छ । शंकर र शिवको नाम, रूप, धाम अनि कर्त्तव्य अलग अलग भएकोले नै स्पष्ट छ कि शिव र शंकर एक होइनन् ?


परमात्मा शिव परोपकारी, कल्याणकारी, पतित-पावन, ज्ञानको सागर, कृपालु अनि समस्त मानव आत्माहरूका एकमात्र परमपिता हुनुभएकोले उहाँका मन्दिरहरू तथा स्मृति चिन्हहरू समस्त नेपाल, भारत अनि विश्वमा पाइन्छन् । यस लेखमा परमपिता शिवका, १२ वटा प्रसिद्ध मन्दिरहरू अथवा द्वादश ज्योतिर्लिङ्गम् अनि यसमा लुकेका

केही ज्ञान तथा ईश्वरीय सन्देशहरू वर्णन गरिएको छ ।

१. **सोमनाथ** : द्वादश ज्योतिर्लिङ्गम्हरूमध्ये सबैभन्दा पुरानो सोमनाथको मन्दिर प्रसिद्ध छ । यो गुजरातको सौराष्ट्रमा सागरको निकट स्थित छ । सोमको एउटा अर्थ हो चन्द्रमा । एउटा प्रचलित कुरो के छ भने यस स्थानबाट चन्द्रमाले ज्योति प्राप्त गरेको थियो । सोमको अर्को अर्थ हो अमृत । कल्याण अनि सुखको स्रोत परमात्मा शिवले दिनुभएको ज्ञान अमृतले अज्ञानको अन्धकार नष्ट हुन्छ अनि मानव दिव्य बुद्धिले प्रकाशवान् बन्दछन् । यसैले श्रद्धा अनि स्नेहले अभिभूत भएर भक्तहरूले यहाँ भगवान् सोमनाथको मन्दिर स्थापना गरेका हुन् ।



२. **नागेश्वर** : सोमनाथको नजिकै द्वारकामा भगवान् शिवको एउटा अर्को ज्योतिर्लिङ्ग छ जसलाई नागेश्वर भनिन्छ । शिवभक्तहरूको श्रद्धा अनि विश्वासको केन्द्र यस मन्दिरको पृष्ठभूमिमा पौराणिक गाथाहरू प्रचलित छन् । प्रायः शिव मन्दिर हरूमा पञ्चमुखी नाग शिवलिङ्गमा देखिन्छ यसको अर्थ हो परमात्मा शिवले मानव आत्माहरूलाई पाँच विकार (काम, क्रोध, लोभ मोह अनि अहंकार) रूपी नागहरूको पासोदेखि मुक्त गराउनुहुन्छ । यही नै नागेश्वर शिवको महिमाको रहस्य हो ।



३. **केदारेश्वर** : उत्तराखण्डको हिमालय पर्वतको काखमा स्थित केदारनाथले पनि आफ्नो द्वादश शिवलिङ्गहरूमा एउटा विशिष्ट स्थान राख्दछ। केदारेश्वर शिवको दर्शनको अभिलाषाहरू लिएर शिव भक्तहरू दुःसाध्य यात्रा गरेर यस उच्च मन्दिरमा पुग्छन् । यसले परिश्रमको फल मीठो हुन्छ भन्ने कुरालाई दर्शाउँछ। यदि साँचो मनले आत्म कल्याण अनि विश्व कल्याणको निम्ति कार्य गऱ्यौं भने निश्चय नै परमात्मा शिव हामीदेखि प्रसन्न हुन्छन् अनि हामीले उहाँबाट सफलताको वरदान प्राप्त गर्छौं । यसै भावनालाई प्रतिपादित गर्ने केदारेश्वर ज्योतिर्लिङ्गले पनि हामीलाई ज्योतिस्वरूप परमात्मा शिवको प्रति स्नेह अनि श्रद्धाले भरिदिन्छन् ।



४. **विश्वनाथ** : भगवान् शिवको महानता दर्शाउने द्वादश ज्योतिर्लिङ्गहरूमा उत्तर प्रदेशको बनारसमा स्थित विश्वनाथ मन्दिर पनि विश्व प्रसिद्ध छ। बरूण र असी नदी जहाँ गंगामा मिल्दछ त्यसलाई वाराणसी नगर भनिन्छ । निराकार ज्योतिस्वरूप शिव सम्पूर्ण विश्वको स्वामी हुनुहुन्छ। यसैले बाइबलमा पनि परमेश्वर प्रकाश स्वरूप हुनुहुन्छ भनेको छ । मुसलमान दाजु-भाइहरूले पनि अल्लाह नूर है अथवा ईश्वर ज्योति स्वरूप हुनुहुन्छ भनेका छन् भने महात्मा बुद्धले पनि गयामा ध्यान गर्दा ज्योतिको साक्षात्कार गरेका थिए । उहाँ सर्व धर्मावलम्बीहरूका पारलौकिक पिता हुनुहुन्छ। यसैले उहाँलाई विश्वनाथ भनिन्छ । निराकार शिवलाई भक्तहरूले सजिलै याद गर्न सकून् भनेर उहाँलाई शिवलिंगको रूपमा पूजा गरिन्छ ।



५. **महाकालेश्वर** : पाँचौं ज्योतिर्लिङ्ग हो भारतको सांस्कृतिक राजधानी मध्ये-प्रदेशको उज्जैन नगरी स्थित महाकालेश्वर । कालहरूको पनि काल महाकालेश्वर परमात्मा शिव आफ्ना वत्सहरूसित कृपालु भएर अकालमृत्युदेखि रक्षा गर्नुहुन्छ, यसैले उहाँलाई महाकालेश्वर




भनिन्छ । वास्तवमा प्रत्येक व्यक्ति मृत्युसित भयभित रहन्छन् । किनभने मृत्यु जीवनको अन्तिम सत्य हो, जसको सामना हरेकले गर्नै पर्छ । तर महाकालेश्वर परमात्माबाट आत्म ज्ञान प्राप्त गरेर मनुष्यात्मा भयदेखि मुक्त हुन्छन् । यो परमात्माद्वारा प्रदत्त अमरत्वको उपहारकै यादगार हो ।

६. **ओकारेश्वर वा अमलेश्वर** : मध्य प्रदेशमा ओम्कारेश्वर अनि अमलेश्वरका प्रसिद्ध शिव मन्दिर स्थित छन् । यी दुवै मन्दिरहरूको अस्तित्व



पनि अलग अलग छ । तर यसलाई एकै समान महत्व अनि मान्यता प्राप्त छ । भनिन्छ कि प्रसिद्ध राजा मान्धाताले शिवलाई प्रसन्न गरेर उहाँलाई ज्योतिर्लिङ्गको रूपमा विराजमान हुने प्रार्थना गरेका थिए । वास्तवमा जहाँ एकतर्फ ओकारेश्वर ऊँ स्वरूप ज्योतिर्मय परमात्मा शिवको नाम हो त्यहाँ अर्को तर्फ अमलेश्वर पनि मलरहित निर्मल निष्पाप बनाउनेवाला ईश्वरको नै स्मृति स्थल हो । ऊँकारेश्वर वा अमलेश्वर ज्योति बिन्दु निराकार परमात्मा शिवसित सर्व सम्बन्ध जोड्नाले मनुष्यात्मा महान् हुन्छन् अनि परमात्माको अनुभूति गर्दछन् ।

७. **त्र्यम्बकेश्वर** : महाराष्ट्रको नासिक शहरमा गौतमी नदीको किनारमा स्थित दिव्य ज्योतिर्लिङ्गम्ले



आफ्नो अनौठो रूप धारण गरेको छ । यस प्रसिद्ध तीर्थ स्थलमा त्र्यम्बकेश्वरको प्राचीन मन्दिर विराजमान छ । त्र्यम्बकेश्वरको सम्बन्धमा प्रचलित रोमाञ्चकारी कथाको आध्यात्मिक रहस्य पनि कम रोमाञ्चक छैन । त्र्यम्बकेश्वरको अर्थ हो ज्ञानको तेस्रो नेत्र प्रदान गर्नेवाला ईश्वर । वास्तवमा साधारण नेत्रले जुन कुरो देख्न र बुझ्न सक्दैन, त्यस कुरोलाई दिव्य नेत्रले नै देख्न वा बुझ्न सकिन्छ । यही शिवको तेस्रो नेत्र हो, जुन नेत्र खोलिनाले काम, क्रोध जस्ता मानिसका महाशत्रुहरू पनि नष्ट हुन्छन् ।

८. **घृष्णेश्वर** : महाराष्ट्रमा औरंगाबादको छेउमा विश्व प्रसिद्ध एल्लोराको गुफाहरूको छेउमा स्थित ज्योतिर्लिङ्ग शिवलाई घृष्णेश्वरको नामले जानिन्छ । प्रचलित लोककथाहरूको अनुसार पार्वतीले कुमकुम, केशर अनि शिवालयको जल लिएर जब हातमा घर्षण गरिन् तब त्यसबाट शिवलिंगको निर्माण भयो अनि दिव्य ज्योति प्रकट भयो यसैले यस तीर्थ स्थल



घृष्णेश्वर नामले प्रसिद्ध भयो। वास्तवमा यो घर्षण ईश्वरीय ज्ञानलाई चिन्तन गर्नु एवं निरन्तर प्रभु स्मरणको अभ्यास गर्नुको प्रतीक हो । जसरी डोरीको घर्षणले पत्थरमा पनि निशान बन्दछ त्यसरी नै ज्ञानको चिन्तन अनि परमात्माको याद रूपी बुद्धिको घर्षण गर्दा गर्दा बुद्धिहीन मानिस पनि बुद्धिमान् बन्छन् ।

९. **वैद्यनाथ**: घृष्णेश्वरको छेउमा एउटा अर्को ज्योतिर्लिङ्गम् छ जसलाई वैद्यनाथ भनिन्छ । द्वादश ज्योतिर्लिङ्गम्मा भगवान् वैद्य हुनुहुन्छ । व्यक्तिको रोग जब असाध्य हुन्छ तब प्रभु स्मरणको शरणमा आउँछ । जब संसारका समस्त वैद्यहरू सफल हुँदैनन् तब परम वैद्य परमात्मा स्वयंले सबैको रोगकष्ट निवारण गर्नु हुन्छ ।



१०. **भीमशंकर** : वैद्यनाथदेखि केही टाढा पुणेको छेउमा स्थित छ एउटा अर्को ज्योतिर्लिङ्गम् जसलाई भीमशंकर

भनिन्छ। यो ज्योतिर्लिङ्ग सर्वशक्तिमान्को शक्तिको प्रतीक हो। भनिन्छ कि त्रिपुरासुर एउटा अहंकारी राक्षस थियो जसलाई भगवान्ले आफ्नो शक्तिहरूद्वारा हराएको थियो, जसको भावार्थ हो मानव आत्माहरू जब अहंकारको वश भएर विकारहरूसित परास्त हुन्छन् तब सर्वशक्तिमान् ज्योतिर्मय परमात्मा अवतरित भएर जगतलाई यस अन्तर्मनको आसुरी शक्तिहरूमाथि विजय प्राप्त गराउनुहुन्छ।



११. **मल्लिकार्जुन** : दक्षिण भारतको आन्ध्र प्रदेशमा श्रीशैलम्मा मल्लिकार्जुन नामक ज्योतिर्लिङ्ग छ। थुप्रै प्रकारले बनेको यो अग्लो शिव मन्दिरले जीवनको उच्चता प्रदान गर्दै गरेको प्रतीक हुन्छ। मल्लिकको एउटा अर्थ हो अति सुगन्धित श्वेत पुष्प। सेतो सुगन्धित पुष्प मन-वचन-कर्ममा पवित्रता अनि दिव्य गुणहरूको धारणाको सूचक हो। भगवान् आशुतोष शिवलाई सत्यम् शिवम् सुन्दरम् पनि भनिन्छ। किनभने सत्य रूप भगवान् यस सृष्टिका बीज रूप मंगलकारी अनि अति सुन्दर हुनुहुन्छ। यसै सुन्दरता अनि सत्यताको मेलले प्रसिद्ध शिव मन्दिर जन जनको आस्थाको प्रमुख केन्द्र बनेको छ।



१२ **रामेश्वरम्** : भनिन्छ कि रामले रावणमाथि विजय पाउनको निम्ति तामिलनाडुको रामेश्वरको समुद्र तटमा भगवान् शिवको पूजा अर्चना गरेका थिए। धेरै हिन्दुहरूले पुरुषोत्तम रामको पूजा गर्दछन्, तर हामीले यहाँ देख्छौं कि रामले पनि शिवको पूजा गरेका थिए। यसद्वारा मानिसको साथमा देवहरूको पनि परमात्मा शिवप्रति अगाध स्नेह एवं अपूर्व श्रद्धा भएको संकेत मिल्दछ।




यी सबै १२ ज्योतिर्लिङ्गले उहाँको गुण अनि कर्त्तव्यलाई प्रत्यक्ष गर्दछन्। शिवलिंगमा हाँडीबाट थोपा पानी झर्नुको भावार्थ पनि निरन्तर मनको तार परमपिता परमात्मा शिवसित जोडिनुको प्रतीक हो, ताकि आत्मा ईश्वरीय गुण अनि शक्तिहरूले परिपूर्ण भइरहोस्।

शिवलिंगमा अर्पित गर्ने दूध, दही, जल आदिले यस कुरोलाई स्पष्ट गर्दछ कि शिवको स्मृतिको निम्ति मनको निर्मलता अनि चरित्रको उज्ज्वलता अति आवश्यक छ।

अक, धतुरो अनि बेल पत्र शिवलिंगमा चडाउनुको भावार्थ हो एक एक गर्दै दुर्गुण, दुर्व्यसन अनि विकारहरूलाई शिवमाथि अर्पित गर्नु।


शिवलिंगमा तीनवटा रेखाहरू अनि मध्यमा अंकित बिन्दुले ज्योतिर्बिन्दु शिव परमात्मा ब्रह्मा, विष्णु अनि शंकरका पनि रचयिता हुनुहुन्छ भन्ने कुरालाई बुझाउँछ। परमपिता शिवले ब्रह्माद्वारा पवित्रता-सुख-शान्ति सम्पन्न सत्ययुग अथवा स्वर्गको स्थापना गर्नुहुन्छ, अनि त्यस दैवी संसारलाई विष्णुद्वारा पालना अनि कलियुगी तमोप्रधान सृष्टिको महाविनाश शंकरद्वारा गर्नुहुन्छ।

हाल सिक्किमको नाम्चीमा पनि ४ धाम अनि १२ ज्योतिर्लिङ्गहरू निर्मित भएपछि सिक्किम, उत्तर बंगाल र देश विदेशबाट आउनुहुने पर्यटनहरूले १२ ज्योतिर्लिङ्ग बारे जानकारी पाइरहेका छन्। त्यसै स्थानमा सिक्किम सरकारले ब्रह्माकुमारी संस्थालाई दिएको एउटा हलमा चित्र प्रदर्शनीहरूद्वारा प्रतिदिन सैकडौं पर्यटकहरूले शिव सन्देश पनि पाइरहेछन्।





जहाँ सर्वशक्तिहरू साथ छन्, त्यहाँ निर्विघ्न सफलता हुन्छ ।


केहि दिन पछि दरबारमा अर्को ज्योतिषी अयो । उसले राजाको हात हेर्न अनुरोध गरे ।
राजाले उनको पनि आदर गर्दै लगे र हात हेराए ।
ज्योतिषीले भने -
महाराज ! हजुरको आयु हजुरका सबै परिवारका सदस्यहरु भन्दा लामो छ ।
यो सुनेर राजा धेरै खुशी भए । दोस्रो ज्योतिषीलाई धेरै इनाम दिए ।
दुवै ज्योतिषीको आशय एउटै हो तर प्रस्तुती मात्र बेग्लै हो ।
अत : सधैं प्रिय बोली बोलौं ।

# अनौठो संगम !

ब्रह्माकुमार विजयराज सिग्देल

अनौठो संगम ! ज्योतिको साक्षात्कार परिवेश विचित्र । नरम भन्दा अति नरम कपास, गरम भन्दा अति गरम आगो अनि अविच्छिन्न तरल तेल । एक आपसको त्रिवेणीको उपज ज्योति । संगममा सबै सत्य सम्भव । अस्तित्व आ-आफ्नै भएपनि संमिश्रणको परिणाम कति सुन्दर अनि शाश्वत । जगत सापेक्षमा अति सुन्दर छ भन्ने कुराको स्पष्ट उक्ति हो यो प्रमाण । भौतिक प्रकाश प्राप्तिका लागि यो संगम जति अन्योन्याश्रित छ, साँचो अर्थमा अभौतिक प्रकाशका लागि पनि यही नियम लागु हुन जान्छ ।

जग जाहेर छ आजको दिनसम्म सत्यको खोजीमा समर्पित साधक, तपस्वी, महान्योगी, धर्मगुरु, संन्यासी आदि सबैको ध्येय–ज्योति प्राप्ति । भित्र होस् वा बाहिर कतै कहिँ । सबै त्यो शाश्वत ज्योति स्वरूप परम शक्ति अनुभूतिका लागि अनवरत प्रयासमा तल्लीन भएका छन् । ध्येयका समीपमा पुगेका ती भाग्यवान महान् पुरुषार्थीको जीवनले यो त्रिवेणीको संगमलाई सन्तुलन मिलाएको पाइन्छ । यथार्थमा सन्तुलननै सुन्दरताको चाबी हो । क्षेत्र जुनसुकै किन नहोस्, नियम सबैलाई एउटै लाग्दछ–सन्तुलन ।

हर नर नारीमा कडाभन्दा कडा कमजोरीका लप्काले मनमन्दिरलाई जलाइरहेको छ आजभोलि । मानौ काम, क्रोध, लोभ, मोह, अंहकारको प्रतिरूप बन्यो मानिस । जान्दछ यी विकार बेकार बादल हुन् र पनि इन्द्रेणीको साक्षात्कारबाट बञ्चित छ मनुवा । प्रतिकुलतामा साधु बनेजस्तो गरे पनि अनुकूलताको खोजिमा तडपिरहेको छ । असली डाकुँपनले निकास चाहिरहेको हुन्छ । बाहिरबाट ठिक्क जस्तो देखिए पनि आन्तरिक अवस्था दिक्क हुनेको कुनै कमी छैन समाजमा । विकारको अग्निले ज्वालाको रूप बनाइसक्यो । चित्रमै भए पनि मन्दिर, गुम्वा, मस्जिद तथा गिर्जाघरहरूमा ती महान् आत्माको सम्झना गरिदैछ आज । दया, प्रेम, स्नेह र सद्भाव पनि उही मात्रामा थियो र आज शून्यतामा पुगिसक्यो भने पनि हुन्छ । अन्ततः ठूलो खाल्डो बन्यो । हिजो र आजमै ।

दुरीको कमीका लागि, मात्र तेलको खाँचो हो भन्नुपर्छ । रातको चकमन्न अँध्यारोलाई विहानको मिरमिरेले उज्यालो सित अंकमाल गराइदिन्छ यसैगरी अति कडा मनुवा स्वभावलाई पनि ज्ञानको तेलले कपासलाई ज्योतिर्मय बनाउन टेवा पुऱ्याइरहेको हुन्छ । पिता परमात्मा शिवले यही सत्यलाई उजागर गरिदिनुभयो । मानव समर्थ र व्यर्थको संगममा आइपुगेको छ । व्यर्थै व्यर्थको समाज मौजुद छ आज, अनि अर्का तर्फ समर्थको समाज निर्माणमा पनि एकथरी जमात लागिरहेको छ । यो संसार हिजो स्वर्ग थियो, हर नर नारी गड गडेसकारूपमा सम्मानित थिए । आज सबैभन्दा हिंस्रक पनि यिनै नर नारी बन्न पुगे । स्मृति र विस्मृतिका बीच सत्य ज्ञानले मानव मनलाई पुनः सन्तुलित बनाउनका लागि ज्ञानको अत्यधिक खाँचो भएकै कारण वर्तमान समय परमपिता

परमात्म शिवले सद्‌गुरुका रूपमा पढाइरहनुभएको छ ।

अब एकपटक पुनः जागृत हौं । मानव अथाह सम्भावनाको सम्वाहक हो । हामी जागे संसार जाग्छ। कुनै कविले यसै भनेको होइन – झगझगाउनु, उठाउनुहोस् तपैं भित्रको महापुरुष जाग्नेछ, तपाईं जाग्नु भयो भने, तपाईं उठ्नु भयो भने, अमेरिकाका ओवामा पनि उठ्नेछन् ।

कोशिस गर्नेहरूको हार कदापि हुँदैन । गर्दै नगर्नेहरू भन्दा कोशिस मात्र गर्नेहरू पनि दश कदम अगाडि हुने गर्दछन् । आफ्ना जीवनका कमजोरीहरू सहितलाई स्वीकार गर्दै सद्‌गुणको विरुवालाई मलजल गर्दै रहदा समाजका लागि मानव जीवन दर्पण बन्न सक्दछ । इतिहासमै सबैभन्दा कलंकित मानव समाज पुनः स्वर्णिम मानव समाज निर्माण गर्न सक्दछ । कुनै पनि शुभकार्यको थालनी प्रारम्भमा एकजनाबाटै भएको पाइन्छ । आज तपाईंले शुरु गर्नुभएन भने पनि अर्को तयार भइसक्नेछ । समयले कसैलाई पर्खेर बस्दैन । जागौं अब ।

# शिव र शिवरात्रि

प्रा. गोपीकृष्ण शर्मा, ज्ञानेश्वर

यो ठूलो शिवरात्रि पर्व यसमा साक्षात् परात्मा शिव
आएथे अवतीर्ण वृद्ध तनमा ती ज्ञानका वैभव
ज्योतिर्बिन्दु यिनै अलौकिक पिता आत्माहरुका पनि
आभा, प्रेम, दया र शान्ति सबका हुन् सागरै रूप यी

पैले व्यक्त स्वरूपका अनि पछी अव्यक्तका रूपमा
ब्रह्माका मुखबाट ज्ञान सरिता फैलाउँदै विश्वमा
गर्छौ पालन नित्य ईश्वर स्वयं ब्रह्माकुमारी सब
संस्थाबाट उनासियौं शिव पिताको यो जयन्तीतक

हौ नै एक महान् सदा शिव पिता प्रख्यात छौ शङ्करम्
ब्रह्मा, विष्णु त्रिमूर्तिका रचयिता सत्य शिव सुन्दरम्
राम्रा सद्‌गुणका मुहान पनि हौ आफै निराकार छौ
ब्रह्माका मुखबाट रत्न सरिका ज्ञानप्रभा छर्दछौ

ओम् शान्ति प्रतिरूप उज्ज्वल तिमी कल्पान्तमा आउँछौ
आत्मा पावन पार्दछौ पतितका कल्याणका स्रोत हौ
योगी बन्न पवित्र बन्न मनसा वाचा तथा कर्मणा
ब्रह्मावत्स बनून् सुशिक्षित भनी दिन्छौ सदा प्रेरणा

गर्छौं याद यही घडी हृदयले योगी बनी कर्मले
फाली दुर्गुण दुष्ट भाव मनका राम्रो सुखी चालले
गर्दै सद्‌गुणले सिँगार तनको हामी रह्यौं ब्राह्मण
वर्षा प्राप्त गरेर देव तहमा पुग्छौं यही हो प्रण

# एक आश्चर्यजनक प्रयोग

ब्रह्माकुमार सुदीप

दुनियाँमा इतिहासको विभिन्न कालखण्डमा विभिन्न विद्वान्, आचार्य, प्राचार्य, ऋषि, मुनि, गुरु, गोसाईले जीवन र जगतको विभिन्न पहलुमा विभिन्न प्रयोग गरेका थिए जसको फलस्वरूप जीवन र जगतका यावत् समस्याहरूको सहज समाधान निस्केका थिए । ती अद्भुत प्रयोगको फल नै वर्तमानमा हामी खाइरहेका छौं । इतिहासको वर्तमान कालखण्डमा पनि विशेष वैज्ञानिकहरूले विविध अद्भुत प्रयोग गरिरहेका छन् । जसद्वारा विभिन्न विस्मयकारी यन्त्र, संयन्त्र र वस्तुहरूको आविष्कार भइरहेका छन् । जसको रसास्वादन हामी दैनिक जीवनमा गरि नै रहेका छौं ।

यी सबै प्रयोग भन्दा पनि एकदमै भिन्न आश्चर्यजनक प्रयोग गर्ने कोशिश पनि यसै कालखण्डमा भएको थियो । बुद्धले महापरिनिर्वाण पूर्व ‘म २५०० वर्ष पछि फेरि मैत्रेयको रूपमा जन्म लिनेछु किनकि त्यस समय अति धर्म ग्लानि हुनेछ’ भनेका थिए । थियोसोफिस्ट समाजका कर्णधार एनी बेसेन्टलाई बुद्धको आत्माले फेरि जन्म लिन उत्सुक भएको आभास भयो । तर बुद्धको आत्माको लागि लायक गर्भ थिएन । उहाँको लागि कुनै त्यस्तो व्यक्ति चाहिएको थियो जसले आफ्नो सम्पूर्ण इच्छा, आकांक्षा र अहम्लाई त्याग गरेर बुद्धको आत्माको रथ बन्नुपर्ने थियो । त्यो अद्भुत प्रयोगका लागि बेसेन्टले त्यति वेलाका केही प्रतिभाशाली बालकलाई चुनिन् । जसमा जे कृष्णमूर्ति र उनका भाइ पनि थिए । यो प्रयोगको दौरान कृष्णमूर्तिको भाइको मृत्यु भयो र बेसेन्टको सम्पूर्ण ध्यान जे कृष्णमूर्तिमा एकाग्र भयो । उनले कृष्णमूर्तिलाई बेलायत लगेर त्यति वेलामा अब्बल शिक्षकहरूद्वारा एकदमै सर्वोत्कृष्ट शिक्षा दिलाइन् । जे कृष्णमूर्तिले पनि मैत्रेयको वाहन बन्न स्वीकार गरे । अमुक दिन, अमुक समयमा कृष्णमूर्तिले आफ्नो सम्पूर्ण अहमत्वलाई विसर्जन गरी बुद्धको वाहन बन्नेछन् भनी भ्याली पिटियो । थियोसोफिस्टहरू लगायत अन्य पनि त्यो अद्भुत प्रयोग हेर्न उपस्थित भए तर अन्तिम समयमा जे कृष्णमूर्तिले मैत्रेयको वाहन बन्न अस्वीकार गरिदिए र त्यो प्रयोग त्यहीं तुहियो ।

त्यस्तै वर्तमान चलिरहेको समयमा एक बिल्कुलै गुप्त आश्चर्यजनक, अद्-भुत, विस्मयकारी र अलौकिक प्रयोग चलिरहेको छ । त्यस्तो के प्रयोग होला भन्ने उत्सुकता अवश्य पनि यहाँको मनमा उब्जेको होला ! त्यो प्रयोग हो मनुष्यलाई देवता बनाउने, त्यो प्रयोग हो नरलाई नारायण बनाउने, त्यो प्रयोग हो नारीलाई लक्ष्मी बनाउने, त्यो प्रयोग हो कलाहीन मनुष्यलाई फेरि १६ कला सम्पूर्ण देवता बनाउने, बाँदरतुल्य बनेको मनुष्यलाई फेरि मन्दिर लायक बनाउने । अब प्रश्न उठ्छ कसले गरिरहेको छ त्यो प्रयोग ? कहाँ भइरहेछ त्यो प्रयोग ?

 जिम्मेवारी त्यो हो जुन लिइन्छ तर दिइँदैन ।

स्वयम् सृष्टिका नियन्ता, पतित-पावन, दुःखहर्ता सुखकर्ता परमपिता परमात्मा शिवले त्यो प्रयोग यो धरती रूपी रङ्गमञ्चमा गरिरहनुभएको छ । स्वयम् अजन्मा, अभोक्ता, अकाया, निराकार, निरञ्जन परमज्योति, महाज्योति शिवले यस साकार सृष्टिमा प्रजापिता ब्रह्माको मानवी तनमा अवतरित भई मानव इतिहासमा एकदमै नौलो प्रयोग गरिरहनुभएको छ । एउटा सामान्य बुझाई के हो भने जो जस्तो छ उसले अरूलाई पनि त्यस्तै बनाउँछ । भनाइ पनि जस्तो संग त्यस्तै रंग । डाक्टरले पढाएर डाक्टर नै बनाउँछ । वकिलले पढाएर वकिल नै बनाउँछ, वैज्ञानिकले पढाएर आफू जस्तै बनाउँछ । त्यस्तै लक्ष्मी-नारायण अर्थात् जसलाई भगवान्-भगवती भनेर मानिन्छ, याद गरिन्छ त्यस्तो बन्ने पढाइ कसले पढाउँछ ? अवश्य पनि भगवान्ले भन्नुपर्ला । हो, भगवान् त्यो हस्ती हुनुहुन्छ जसले हामीलाई पढाएर भगवान्-भगवती अर्थात् देवी-देवता बनाउनुहुन्छ । अर्थात् हामी ज्ञान, गुण, शक्ति र कलाहीन अवस्थामा पुगेका मनुष्यहरूलाई फेरि १६ कला सम्पूर्ण, सर्व गुण सम्पन्न, सम्पूर्ण निर्विकारी, मर्यादा पुरुषोत्तम, डबल अहिंसक मनुष्य अर्थात् देवता बनाउनुहुन्छ । हामीले हरेक दिन लक्ष्मी नारायणलाई पूजा गर्दा यही नै भन्ने गर्छौं ।

यहाँ बुझ्नुपर्ने एउटा कुरा के छ भने भगवान् निराकार, निरञ्जन, ज्योति बिन्दु स्वरूप हुनुहुन्छ र जन्म मरणको चक्रबाट अलग हुनुहुन्छ साथै अभोक्ता र कर्मातीत पनि हुनुहुन्छ । त्यो परम कल्याणकारी ज्योतिलाई नै शिव भन्ने गुणवाचक नाम प्रयोग गरिन्छ । तसर्थ त्यो अजन्मा परमात्माको जन्मलाई अवतरण भन्ने शब्द प्रयोग गरिन्छ । किनकि उहाँ कुनै माताको गर्भबाट जन्म नलिई परकाया प्रवेश गर्नुहुन्छ । जसको कायामा परमात्माको प्रवेश हुन्छ त्यसलाई वशमा पारेर त्यस मनुष्यद्वारा सृष्टि परिवर्तन र नव सृष्टिको स्थापनाको कार्य गर्नुहुन्छ । परमात्माको भाग्यशाली रथ बन्ने सौभाग्य प्राप्त त्यो रथलाई परमात्माले नयाँ कर्त्तव्यवाचक नाम दिनुहुन्छ प्रजापिता ब्रह्मा र यसरी परमात्मा शिवको दिव्य जन्मोत्सव वा अवतरणोत्सवलाई नै भारतवर्षमा शिवरात्रि भनेर मान्ने गरिन्छ । ब्रह्माद्वारा परमात्माले स्वर्णिम संसारको रचना गर्नुहुन्छ र त्यस संसारका लागि लायक दैवी गुण युक्त मनुष्यको रचना पनि गर्नुहुन्छ । अर्थात् आसुरी गुण भएका मनुष्यलाई परिवर्तन गरेर दैवी गुण युक्त बनाउनुहुन्छ ।

अवश्य पनि स्वयम् परमात्माले गरेको यो अद्भुत प्रयोगको स्थान भारतवर्ष नै हुनुपर्दछ । किनकि परमात्मा शिवको ज्योतिर्लिंगम्को रूपमा यादगार पनि यहाँ नै सबैभन्दा धेरै छन् भने देवी-देवताहरूको यादगार पनि यहाँ नै सबैभन्दा धेरै पाइन्छ । हो, वर्तमानमा गुप्त रूपमा परमात्मा शिवले यही भारतवर्षको अरावली पर्वत श्रृंखलामा यो दिव्य प्रयोग गरिरहनुभएको छ। परमात्मा शिवले ब्रह्मा मुखद्वारा ब्रह्माकुमार/ब्रह्माकुमारीहरूको रचना गरेर यो असम्भावी कार्य गरिरहनुभएको छ र यो मनुष्यत्वबाट देवत्वमा परिवर्तन गर्ने महानतम प्रयोग त्यहाँ मात्र सीमित नभएर विश्वको १४० भन्दा बढी देशहरूमा ९००० भन्दा बढी सेवा केन्द्रहरूको माध्यमद्वारा विगत ७९ वर्षदेखि द्रुत गतिमा भइरहेको छ ।

**बाँकी अंश पेज ३२ मा...**



# सन्दर्भ महाशिवरात्रि पर्वको

हेम शर्मा पोखरेल, कुलेश्वर, काठमाण्डौ

आज संसारमा विभिन्न आस्था र विश्वासहरूका आधारमा विभिन्न धर्महरू स्थापना भएका छन् । वास्तवमा धर्मलाई कुनै समुदायले जीवन र जगतका विषयमा विकास गरेको विश्वास, आस्था, सांस्कृतिक पद्धति प्रतिको दृष्टिकोणका रूपमा पनि लिन सकिन्छ । कैयौं धर्महरूमा ब्रह्माण्ड, मानव प्रकृति आदिका विषयमा वर्णन गर्नुका साथै विभिन्न नैतिक मूल्य मान्यता पाइन्छ। सामान्यतया धर्मलाई आस्था, विश्वास, कर्तव्यको सूचीका रूपमा लिइएको पनि पाइन्छ तापनि Emile Durkhiem ले भने धर्म भनेको नितान्त निजी आस्था र विश्वास हो जुन श्रेष्ठतम् सामाजिक कार्य पनि हो भनेका छन् ।

विश्व अहिले विभिन्न धर्ममा विभक्त भएको पाइन्छ। हाल संसारमा विभिन्न ४२०० एवं धार्मिक मर्यादाहरूको विषयमा व्याख्या गरेको पाइन्छ। मूलतः धर्मले मानिसलाई कुनै न कुनै जीवन र जगत सम्बन्धी दृष्टिकोण प्रतिको विश्वास र आस्थामा जागृत भएको धर्महरू रहेका छन् भनिन्छ। सन् २०१२ मा संसारमा केही प्रमुख धर्ममा आस्था राख्नेहरूको जनसंख्या यस प्रकार रहेको छ।

## धर्म र जनसंख्या

| धर्म | सन् २०१२ | | सन् २००० | |
|---|---|---|---|---|
| | जनसंख्या (अर्बमा) | प्रतिशत | जनसंख्या (अर्बमा) | प्रतिशत |
| ईसाई | २.२ | ३२ | २.०० | ३३.०० |
| इस्लाम | १.६ | २३ | १.२० | १९.६० |
| हिन्दु | १.० | १५ | ०.८११ | १३.४० |
| बुद्ध | ०.५ | ७ | ०.३६० | ५.९० |
| लोक चाइनीज (Folk Chinese) | ०.४ | ६ | ०.३८५ | ६.४० |
| अन्य | १.२ | १७ | १.३९ | २१.७० |
| जम्मा | ६.९ | १०० | ६.१५ | १०० |

सन् २०१२ मा गरिएको

सर्वेक्षणमा विश्वमा करिव ५९ प्रतिशत जनसंख्या धर्ममा विश्वास गर्ने, ३६ प्रतिशतले कुनै खास धर्ममा विश्वास नगर्ने र त्यस मध्ये १३ प्रतिशतले कुनै देवी-देवतालाई नमान्ने स्थिति रहेको पाइएको छ । त्यसो त कैयौं धर्महरूमा व्यवस्थित आचरणहरू, पण्डितहरू, पावन तीर्थस्थलहरू, धर्म शास्त्रहरू आदि रहेका हुन्छन् । धर्मको अभ्यासमा संस्कार, पद्धति, धर्मोपदेश, सतसंग, देवी देवताहरूको पूजापाठ, अर्चना, बली, चाडपर्व, भोजभतेर, ध्यान, भजन

## धर्म र चाडपर्व

| धर्म | प्रमुख चाडपर्व | |
|---|---|---|
| ईसाई | • क्रिसमस<br>• इस्टर<br>• गुड फ्राइडे<br>• पाम आइतवार | • जिसस क्राइष्टको जन्मदिन<br>• क्राइष्टको पुनर्जन्मदिन<br>• क्राइष्टलाई झुण्ड्याइएको दिनको स्मृति<br>• जिसस क्राइष्टको जेरुसलेम विजय यात्रा |
| इस्लाम | • अल हिजरा (१ मुहरम) इस्लामिक नयाँ वर्ष<br>• मालिड अन नाबी<br>• इद उल फित्र<br>• इद उल अधा | • (१ मुहरम) इस्लामिक नयाँ वर्ष<br>• प्रोफेट मोहम्मदको जन्मदिन<br>• रमदानको अन्त्य<br>• हजीको अन्त्य |
| हिन्दु | • वसन्त पंचमी<br>• महाशिवरात्रि<br>• राम नवमी<br>• श्री कृष्ण जन्माष्टमी<br>• विजयादशमी<br>• दिपावली<br>• छठ<br>• भाइटीका | श्रीपञ्चमी<br>• शिवअवतरणोत्सव<br>• श्री रामको जन्मदिन<br>• श्री कृष्णको जन्मदिन<br>• वडा दशैं<br>• लक्ष्मीपूजा<br>• सूर्य व्रत<br>• भाइटीका |
| बुद्ध | • बुद्ध जयन्ती (बैशाख पूर्णिमा)<br>• संघ दिवस वा माघ पूजा<br>• धम्म दिवस | • राजकुमार सिद्धार्थको जन्म दिन (बैशाख पूर्णिमा)<br>• अरहन्त सम्मेलन दिवस<br>• बुद्धको पहिलो शिक्षा दिवस |
| | | |

कीर्तन आदि कार्यहरू पनि रहेको पाइन्छ ।

भन्न त आजकल धर्म निरपेक्ष राज्य प्रणालीले स्थान लिँदै आएको छ । तर कतिपय राष्ट्रले संविधानमा राज्यको धर्म उल्लेख नगरे पनि व्यवहारमा एक धर्मको प्रभुत्व रहेको पाइन्छ भने Angelina Theodorou का अनुसार अझै पनि ३० वटा मुलुकहरूमा राष्ट्राध्यक्ष हुनलाई विशेष धर्ममा आस्था हुनुपर्ने व्यवस्था रहेको छ । लेबनानमा क्रिश्चियन राष्ट्राध्यक्ष मुसलमान प्रधानमन्त्री, जोर्डन सहित १७ वटा इस्लामिक राज्य, भुटान र थाइल्याण्ड बुद्ध धर्म मान्ने राजा, इन्डोनेशिया पन्चशीलमा विश्वास राख्ने राज्यको मान्यता, बोलिभिया, मेक्सिको र एल साल्भाडोरमा राष्ट्रपतीय निर्वाचनमा धार्मिक गुरुहरूको हस्तक्षेपलाई प्रतिबन्धित गरिएको छ भने म्यानमारमा पनि राष्ट्रपतिलाई धार्मिक समुदायको नेता हुन नपाइने व्यवस्था छ । उता कमनवेल्थ मुलुक तथा डेनमार्क, नर्वे र स्वेडेनमा क्रिश्चियन राजाको स्थान रहेको उदाहरण छ ।

विविध धर्मको यो महासागरमा आजको अरबौं जनसमुदाय रुमल्लिए पनि मानव समाजमा शान्ति र सद्भाव कायम हुन सकेको छैन भने धर्मको यो विविधता र यस विषयमा आज मानव सभ्यताले सामना गरिरहेको समस्या भने दिनहुँ अझ जटिल बन्दै गइरहेको छ । आखिर यो अवस्था किन भयो त ? एउटा जटिल जिज्ञासा स्वाभाविक रूपमा उत्पन्न हुन्छ । आखिर सत्य एउटै हुन्छ, परमात्मा एउटै हुनुहुन्छ, आत्माको स्वधर्म उही हो र त्यसको स्वभाव पनि एउटै हो । तर त्यसको बुझाईमा एकरूपता नभएका हुनाले आज विश्वमा धर्मको विभेद देखिएको हो । परमात्मा अलग अलग समुदायका अलग हुने गरी व्याख्या गर्नु तथा जीवन र जगतको परिभाषा अलग हुनु यथार्थ नभएर मानव सभ्यताले यथार्थताको पहिचान गर्न नसकेको स्थिति मात्र हो । यसबाट के अनुमान लगाउन सकिन्छ भने या त यी धर्महरूमा आफ्नो दृष्टिकोणमा स्पष्टता कायम हुन बाँकी छ या यी धर्महरूलाई बुझ्ने बुझाउने काम प्रभावकारी हुन सकेको छैन ।

त्यसैले त आज विश्वमा मानिस कतै परमात्मालाई मान्दै नमान्ने, अधिकांश जनसमुदायले परमात्मा वा कुनै शक्तिशाली आध्यात्मिक सत्तालाई माने पनि त्यस सत्ता वा परमात्माको नाम, रूप, कर्तव्य, देश, काल आदिका विषयमा एकमत छैन वा अनेक मत राख्ने गर्दछ । त्यसैले त संसारमा अहिले एक भगवान्लाई बझुने अनेक मत र मान्यताहरू विकास भएका छन् । चारहजार भन्दा बढि धर्महरू अस्तित्वमा रहनु भनेको यसैको टड्कारो उदाहरण हो ।

यी विभिन्न धर्महरूका आ-आफ्ना चाड पर्व तथा धार्मिक महत्वका दिनहरू रहेका छन् । यी चाडपर्वहरूमा मूलतः विभिन्न धर्मस्थापकसँग सम्बन्धित आस्था, विश्वास र मान्यताहरू रहेको पाइन्छ । केही प्रमुख धर्महरूमा विभिन्न प्रकारका प्रमुख चाड पर्वहरू यस प्रकार रहेको पाइन्छ ।

माथि उल्लेखित चाडपर्वहरूमा मूलतः धर्म स्थापकहरूको जन्मदिनलाई महत्व दिएको पाइन्छ । यी विविध धर्महरूका धर्म स्थापकहरू देहधारी मनुष्य हुन् । उदाहरणको लागि

क्राइष्ट, मोहम्मद, बुद्ध आदि । त्यसैगरी हिन्दु धर्ममा श्रीराम र श्री कृष्ण धर्म स्थापक नभए पनि देहधारी नै हुन् र आमाको गर्भबाट जन्मिएका हुन् । तर शिव अवतरणोत्सब अर्थात् महाशिवरात्रि भने कुनै देहधारीको जन्म दिवस नभई यस सृष्टिका सृष्टिकर्ता, पालन कर्ता एवं संहारकर्ता निराकार ज्योतिर्बिन्दु स्वरूप स्वयम् परमपिता परमात्माको यस धराधाममा अवतरण भएको दिनको स्मृति हो । अरू सबै देहधारीको जन्म र उहाँको अवतरणमा तात्विक रूपमा फरक छ । शिव परमात्माले आमाको गर्भबाट जन्म लिनुहुन्न तर अरूको देहमा प्रवेश गरेर कल्पमा एक पटक यस धराधाममा मनुष्यमात्रको कल्याणार्थ अवतरित हुनुहुन्छ । उहाँ परमपिता परमात्मा जसलाई विभिन्न सभ्यताहरूमा शिव, गड, अल्लाह, ईश्वर, जेहोवा आदि विभिन्न नामबाट पुकार्दछन् । आज संसारभरका सबै धर्महरू त्यही सत्ताको खोजी र त्यसैबाट आफूले केही प्राप्ति गरेर जीवन सुखमय बनाउने मार्ग बताउन र त्यसको अभ्यास गराउनमै व्यस्त छन् । स्थान विशेष, समय तथा परिवेश अनुसार विभिन्न स्थान र सभ्यताका धर्मगुरुहरूले परमात्माको स्वरूप र कर्मलाई विभिन्न तरिकाले व्याख्या गरेको हुनाले एक अर्कालाई बुझ्न कठिन भएको र बुझाइको स्तरमा पनि फरक परेकाले बाहिरबाट हेर्दा फरक जस्तो देखिएकाले तथा त्यसलाई बुझ्न व्यापक दृष्टिकोण विकास नभएकाले धर्म धर्म बिच विभेद र द्वन्द्व देखिएको हो ।

अव हामीले माथि भनेको महाशिवरात्रि वास्तवमा कुनै लौकिक रात्रि नभई अज्ञान अन्धकारको रात्रि भएकोले यसको प्रतीकात्मक अर्थलाई नबुझी सत्यको सारमा नहेरी रूपतिर मात्र हेरेर महाशिवरात्रिको पर्व मनाइरहेको हुनाले शिव परमात्मा जो यस सृष्टिका नियन्ता, प्रमुख पात्र, प्रमुख कलाकार, प्रमुख निर्देशक हुनुहुन्छ उहाँका विषयमा जान्दै नजानी विविध मान्यताहरू विकास भएका छन् जसले गर्दा शिव अवतरणको महिमा वास्तवमा छायाँमा परेको छ । त्यसैले शिव परमात्मा जसलाई हामीले पशुपतिनाथ भनेर पनि चिन्दछौं उहाँको हरेक कल्पमा हुने अवतरणको स्मृति स्वरूप महाशिवरात्रि पर्व मनाउँदै आइरहेका छौं । वास्तवमा शिव भनेका हामी सर्व आत्माका पिता हुनुहुन्छ । उहाँ त्यस अर्थमा यस देह अर्थात् पञ्चमहाभूतबाट बनेको यस पिण्डको पति अर्थात् आत्माको पनि नाथ अर्थात् मालिक हुनुहुन्छ । अझ स्पष्ट रूपमा भन्नुपर्दा यस देहमा देहको स्वामी आत्मा हो भने आत्माको पिता वा मालिक परमात्मा शिव हुनुहुन्छ । त्यसैले उहाँलाई पशुपतिनाथ भनिएको हो । उहाँ शिवलाई शिव वा गड वा अल्लाह जुन नामबाट बुझे पनि उहाँ एउटै हुनुहुन्छ । तर आज यथार्थ रूपमा उहाँ जो जस्तो हुनुहुन्छ त्यसलाई नबुझी कहिले देहधारीलाई नै परमात्मा भनिदिने, कहिले निराकारको कुरा गरे पनि त्यसको स्पष्ट देश, काल, नाम रूप स्पष्ट गर्न नसक्ने भएकाले मनुष्य अल्मलिएको अवस्थामा स्वयम् परमपिता परमात्माले उहाँको आफ्नो नाम, रूप, देश, काल, कर्तव्य सबै स्पष्ट मात्र गर्नुभएन अपितु हामी आत्माहरू जो त्यस पिताका सन्तान पनि हौं भन्ने हाम्रो परिचय पनि स्वयम् परमात्माले एक वृद्ध तनमा अर्थात् परकाया प्रवेश गरेर

सारा सृष्टिको आदि, मध्य, अन्त्यको रहस्य पनि सम्झाउनुभएको छ । शिव अर्थात् कल्याण, सदा शिव अर्थात् सदा कल्याणकारी ।

अतः आज मानिसले सत्य धर्मको खोजी गर्दा गर्दा हजारौंका संख्यामा धर्म सम्प्रदाय निर्माण गरेर आफै दलदलमा फसे जस्तो भएको छ । एक परमात्मालाई अनेक रूपमा बुझ्नुपर्ने स्थिति भएकाले सत्य नै जान्न नसकेकाले अहिले यो हाल भएको हो । अहिले यी धर्महरूको संख्या बढ्नु भनेको मनुष्य आत्माले सत्यको खोजी गर्दा गर्दा जति भड्कियो त्यति यो संख्या बढेको हो । अहिले त हुँदा हुँदा धर्मको नाममा युद्ध भएर अहिले मानव सभ्यताका लागि यही धर्म नै ठूलो चुनौतीको रूपमा सामुन्ने उपस्थित भएको छ । कहाँ सम्पूर्ण मानव मात्रलाई सत्य मार्गमा अग्रसर गराएर सुखमय दुनियाँको सिर्जना गर्ने कल्याणकारी धर्म कहाँ आपसमा आत्मा भाइ भाइकै बीचमा युद्ध र मारामार । आश्चर्य र मन दुख्ने कुरा यही हो ।

आत्माले म आत्मा हुँ, मेरो देह अलग हो, म आत्मा अलग हुँ, म आत्माले ड्रामा, संस्कार वा प्रारब्धका आधारमा यो देह चलाइराखेको छु भन्ने सत्य नै बिर्सेकाले र ड्रामाको आदि, मध्य, अन्त्यलाई नै नजानेको हुनाले यो अन्योलको वातावरण सृजना भएको हो । अहिले हामी सबै भाग्यमानी छौं, स्वयम् परमपिता परमात्मा शिवले आएर हामीलाई सत्य गीता ज्ञान दिइरहनु भएको छ र सत्य मार्ग बताइरहनुभएको छ । त्यसैको यादगारको रूपमा हामीले महाशिवरात्रि मनाइरहेका छौं न कि गाँजा धतुरो र अन्य कुनै वस्तुको सेवनको पर्व हो यो ।

आज ब्रह्माकुमारीजको अन्तर्राष्ट्रिय मुख्यालयमा आउने विभिन्न धर्म र सम्प्रदायका कैयौं धर्मगुरुहरू, महन्त, सन्तहरूदेखि चिन्तक तथा विद्वान्हरू सबैले माउण्ट आवुमा परमपिता परमात्मा शिवबाबाले परकाया प्रवेश गरी नयाँ दुनियाँको स्थापना गरिरहनु भएको छ भन्ने महशुश गरेका अभिव्यक्तिहरू सुन्नमा आइरहेका छन् । यस सन्दर्भमा शिव अवतरणको तथ्यलाई जनजनमा पुऱ्याएर उहाँ शिवबाबाकै यादमा रहेर आफ्नो जन्म जन्मको पापलाई पखालेर पुण्य जम्मा गर्ने कार्यमा लाग्नु तथा स्वयम् परमपिता परमात्मा शिवबाबाले दिनुभएको आज्ञालाई शिरोपर गरी आफ्नो पुण्यको खाता बढाउनु नै उपयुक्त चयन हुने भएकाले यसै मार्गमा लाग्न सबैमा अनुरोध गर्दै महाशिवरात्रिका यस पावन पर्वमा गाँजा धतुरोको नशामा होइन स्वयम् परमपिता परमात्माले दिनु भएको ज्ञानको नशामा निरन्तर रूपमा रहने र परमात्माले देखाउनुभएको सत्यमार्गमा अग्रसर भएर वर्तमान संगमयुगको रुहानी मौज र भविष्यमा नयाँ दुनियाँ स्वर्गको राजाईको सुख चयन प्राप्त गर्ने उद्योगमा लागौं, यसैमा सर्वको कल्याण छ, उन्नति छ । अस्तु ।

सन्दर्भ सामग्रीः

http://en.wikipedia.org/wiki/Religion

http://www.buddhist-tourism.com/countries/india/festivals/

http://www.religionfacts.com/christianity/holidays.htm

http://en.wikipedia.org/wiki/List_of_Hindu_festivals

http://www.zindagee.co.uk/religion/festivals.htm

http://www.pewresearch.org/fact-tank/2014/07/22/in-30-countries-heads-of-state-must-belong-to-a-certain-religion/

# मोह ममताबाट मुक्ति नै जीवनमुक्ति

बी.के किशनदत्त, शान्तिवन

रामायणमा एक वृतान्त छ– रावणले अंगद सँग भन्छन् मलाई घुरी-घुरीकन किन देखिरहेका छौ । अंगदले भने म किन घुरेर हेरिरहेको छु भने जसका २० वटा आँखा छन् तर फेरि पनि त्यो यथार्थलाई हेर्न समर्थ छैन । जसका २० कान छन् त्यो पनि यथार्थलाई सुन्न असमर्थ छ । हनुमान्ले म आउँदा ठीकै भनेका थिए लंकामा एक विश्वको आश्चर्य रहन्छ ।" जब सत्यमा असत्यको भ्रान्ति हुन थाल्छ र असत्यमा सत्यको भ्रान्ति हुन लाग्छ तब मनुष्यको आन्तरिक योग्यताको ह्रास हुन थाल्छ । मोह ममत्व (आसक्ति) चेतना बन्न थाल्छ। मोहको बन्धन (पास) मा जकडिएको मनुष्य यथार्थलाई देख्न सक्दैन । त्यो यथार्थतालाई बुझ्न सक्दैन ।

श्रीमद्भगवत् गीतामा भगवानुवाच छ – "जो आज तिम्रो छ हिजो कुनै अरूको थियो त्यो पर्सी कुनै अरूको हुन्छ । परिवर्तन संसारको नियम हो ।" महाभारतमा पनि मोह-ममतालाई दुःखको मूल भनेको छ । वेदले भन्छ – "प्रकृतिका तीनै गुणको प्रभाव उसलाई तेरो-मेरो बाट मुक्त हुन दिंदैन ।" देवी भागवत ग्रन्थमा वर्णन छ – मोह-ममता बाट दुःख पैदा हुन्छ । मोह-ममता न हुनु नै परम सुख हो । जति पनि ग्रन्थ छन् ती सबैमा वर्णन छ – ममता (म-मेरो, तँ-तेरो) लाई अनेक विकार र अनेक विषय परिस्थितिको जनक भनिन्छ। यस ममताको अन्तर्चेतनाले नै विश्वलाई दयनीय स्थितिमा ल्याएको छ। तर विडम्बना के छ भने मानवलाई जीवनको उच्चताको बोध गराउने हाम्रा ऋषि-मुनिका अमूल्य धरोहर यी ग्रन्थहरूको अवमूल्यन भइरहेको छ ।

परिवार समाजको विधि व्यवस्थामा मेरो-तेरोको अन्तर्भाव हुनु स्वाभाविक छ । प्रश्न उठछ –सृष्टिको आदि कालमा या नैसर्गिक रूपबाट तेरो-मेरोको अन्तर्भावको गुण कस्तो थियो र कस्तो हुनुपर्छ। तेरो-मेरोको स्वाभाविक सतोप्रधान भावदशामा मनुष्यको अनुभूति कस्तो हुनुपर्छ ? के तेरो-मेरोको सतोप्रधान स्वाभाविक भावदशामा अन्यान्य प्रकारले कसैलाई कुनै कष्ट वा कठिनाइको अनुभव हुँदैन । अनुभव र विवेकले भन्छ यस्तो भावदशा, कर्तव्यनिष्ट र सर्वजन हिताय र सर्वजन सुखायको भावबाट ओतप्रोत नै हुन्छ ।

जसरी आमाको आफ्ना सन्तान प्रति वात्सल्य त हुन्छ नै। उसलाई मेरो भन्नु स्वाभाविक कुरा हुन्छ। भगवान्मा आश्रित भक्त प्रति भगवान्को प्रेम-वात्सल्य त हुन्छ नै । अनेक सम्बन्धमा जसरी राजा र प्रजाको बीच पिता र पुत्र बीच अधिकारी कर्मचारी आदि प्रति पनि मेरोपनको भाव हुन्छ । तर यिनको वात्सल्यको मेरोपनको स्वरूप नै बेग्लै हुन्छ। त्यसको स्वरूप निश्छल प्रेमबाट ओत-प्रोत र कर्तव्यनिष्ठताको लागि हुन्छ । त्यसलाई स्वार्थ भनिदैन । तर त्यसमा जुन कर्तव्यनिष्ठताको भाव हुन्छ त्यसैले त्यो मेरो पनको भाव आध्यात्मिक मूल्यबाट ओत-प्रोत हुन्छ । त्यसले कसैको अहित गर्दैन । त्यो सुखकारी हुन्छ । त्यसमा अन्य प्रति कुनै अशुभ भाव हुँदैन । स्वयंको भौतिक शरीरमा मोह-ममता हुनु स्वाभाविक हो । तर यदि कर्तव्य सम्झेर आत्म-स्मृतिबाट शरीरको सम्हाल गरिन्छ भने त्यो मोह-ममतामा बाँध्ने खालको कष्टकारी हुँदैन । आत्माको लागि स्वास्थ्य र हितकारी हुन्छ।

सृष्टिका दुई युग (सत्ययुग-त्रेतायुग) मा तेरो-मेरोको चेतनाको अभिप्राय निःस्वार्थता र कर्तव्यनिष्ठताको हुन्थ्यो । त्यहाँ आत्माको अन्तर्भाव हुन्थ्यो । जस्तो तपाईंको त तपाईंको हो, तर मेरो जुन छ त्यो पनि तपाईं को हो । त्यहाँ सहयोग दिने भावना सदा सक्रिय थियो तेरो-मेरोको भाव भएर पनि कुनै प्रकारको अभिमान वा अशुभ भाव थिएन । दुवै युगमा परस्पर यस्तो उदात्त भावना हुन्थ्यो । यस्तो उदात्त भावनामा तेरो-मेरोको अन्तर्भाव दशा जीवनको सहजतामा बाधक बन्दैन । यस्तो उदात्त भावनामा जीवनको सार तत्व (स्नेह) जीवन्त रहन्छ । त्यो सार तत्वले यो महसुस हुन दिदैन – यहाँ कहीँ तेरो-मेरोको अन्तर्भाव पनि कार्य गरिरहेको छ ।

वर्तमान समय मनुष्यमा तेरो-मेरोको अन्तर्दशा दुई ध्रुवमा कार्य गरिरहेको छ । पहिलो– जुन तेरो हो त्यही तेरो हो र जुन मेरो हो त्यही मेरो हो । दुवै आ-आफ्नो निजतामा आ-आफ्नो ठाउँमा तटस्थ छ । एउटालाई अर्कोको कुनै विशेष प्रयोजन छैन । त्यहाँ कुनै उदात्त भावना रहेको छैन र सीमित अन्तर्भावमा ऊ बाँच्छ । दोस्रो –मेरो त मेरो हो नै तर तेरो पनि मेरो हो । आफू माथि त मेरो कब्जा छ नै तर तेरो जुन छ त्यो पनि मलाई चाहियो । तेरो पनि मेरो हो, यस्तो उसले सम्झिन्छ । कुनै पनि प्रकारले ऊ त्यसलाई अपनाउन भरसक प्रयास गर्छ । अरू सँग चाहे केही पनि छैन, त्यस बारे उसलाई वास्ता रहँदैन । यो तेरो-मेरो (मेरा-मेरो) को गिर्दो अन्तर्भावले व्यक्तिलाई धेरै निष्ठुर बनाएको छ । जब तेरो-तेरोको चेतनाको अन्तर्भावमा गिरावट आउँछ तब मेरो-मेरोको चेतना अनेक विकारलाई जन्म दिने दुःखदायी हुन्छ ।

यदि कुनै शहरको मुखिया छ तर पनि केवल घरमै रहन्छ । घरमा पनि केवल एक कोठामा रहन्छ । त्यसैले आफ्नो नामको अगाडि लगाएका सबै विशेषणमा आसक्त हुनु र स्वमय् ममत्वको बन्धनमा बाँध्नु कुनै अर्थ रहँदैन । अर्थ, केवल कर्तव्यनिष्ठताको रहन्छ । परहितको कर्तव्यको रहन्छ । हामी जुन बेला जति स्थानमा बसेका छौं वा रहन्छौं, त्यो त्यति समयको लागि हाम्रो भोग्य हो शेष हाम्रो लागि भोग्य होइन । यस्तो भनिएको छ – हजारौं गाईका मालिक बन, तर जुन गाई तपाईंको उपयोगमा आउँछ, जुन तपाईं दूध पिउनुहुन्छ त्यही तपाईंको हो । भावार्थ हो मिथ्या ममत्वलाई आफ्नो मनको अन्तर्जगतमा बस्न न देऊ । मनुष्यको साथ यही भइरहेको छ – जो उसको आफ्नो उपयोगको लागि छैन उससँग पनि उसको ममत्व भइरहन्छ ।

दैहिक स्मृतिले तेरो-मेरोको स्वार्थ चेतनालाई जन्म दिएको हो । भौतिक पदार्थको चेतनाले व्यक्तिलाई स्वार्थी बनाएको छ । आज मोह-ममताको मल्लयुद्ध चलिरहेको प्रतीत हुन्छ । यस्तो मेरोपनको स्मृतिमा मनुष्य "स्व"को चारैतिर घुम्दछ । यस्तो स्थितिमा अनेक विकारहरू सक्रिय हुनु स्वाभाविक हो । मोह-ममताको जडले नै हिंसा भाव पैदा गर्छ । द्वापर र कलियुगमा अनेक युद्ध भए यस मोह-ममताको कारण । ममत्वले मूढता मनुष्यलाई असल र खराबको विभेद गर्न दिदैन । यस ममताको मनोवृत्तिले भ्रम पैदा गरेर अनेक निर्दोष र असहाय आत्मामा अत्याचार र अन्याय गरेको छ ।

चिन्तनको एक कोणले रामायण र महाभारतका युद्ध प्रतीकात्मक मान्छ । तर यसलाई, अर्को कोणले सम्झ्यो भने अर्को अर्थ पनि स्पष्ट हुन्छ । यसको गहिरो भावार्थमा गयो भने मोह-ममताको सीमित मनोवृत्ति नै कारण बन्छ । यी युद्धहरूमा आन्तरिक युद्धको भावार्थ निहित भएको पाइन्छ । तर कुनै न कुनै मोडमा अन्तर्वृत्ति नै वाह्यवृत्तिको रूपमा प्रकट हुन जान्छ । थोरै वा धेरै यस प्रकारको युद्धको स्थिति मानव जीवनको


निमित त्यो हो जो निम्मेवारी सम्हालेर पनि हलुका रहन्छ ।

धरातलमा पनि बन्दछ । कालान्तर तत्व-ज्ञान (आत्म-ज्ञान) द्वारा आत्माहरू आफ्नो नकारात्मक अन्तरवृत्तिबाट युद्ध गरेर ती माथि विजय प्राप्त गर्छन् ।


पदार्थ जगत र मनुष्य सम्बन्धको जगत दुवैमा ममत्व भाव कार्य गर्छ । ममत्व भाव शुन्य हुन्छ । ममत्व आन्तरिक पनि हुन्छ र बाहिरी पनि । चाहे कर्मको फलस्वरूप वा विश्व नाटक अनुसार मनुष्यलाई जुन पनि पदार्थ प्राप्त हुन्छ त्यसलाई प्रभुको देन सम्झेर स्वयंलाई निमित्त सम्झेर गर्दै जाऔं । विश्व नाटकमा जुन सम्बन्ध हुन्छ वा सम्बन्धी मिल्छन् उनीहरूलाई यस्तै सम्झिनु पर्छ जसरी समुद्रमा बगिरहेका दुई काठका टुक्रा लहरको प्रभाव बाट एक-अर्का सँग आपसमा मिल्छन् । जब अर्को लहर आउछ तब ती काठका टुक्रा अलग हुन्छन् ।

जीवनमा कैयौं पटक यस्तै हुन्छ । परिस्थिति बन्दछ । पहिलेदेखि हुँदैन । त्यो केही समय पछि भेटिन्छ । प्रायः लोप हुन जान्छ । मान्छेहरू सम्पर्कमा आउँछन् । नाता बन्छ । केही समय पछि अलग हुन्छ । कुनै चीज अनायास देखिन्छ अनि लोप हुन्छ । त्यो देखिनु भन्दा पहिले ऊ सँग न त हाम्रो कुनै साकारमा सम्बन्ध थियो न त उसलाई चिन्दथ्यौ । लोप भइसके पछि पनि हामी उसलाई जान्दैनौ न त साकारमा ऊ सँग हाम्रो कुनै सम्बन्ध हुन्छ । यसैले मोह-ममता एक मिथ्या अवधारणा वा निरर्थक सावित भयो ।

**मनुष्य ममत्वको अन्तर्भाव सँग अधिक प्रभावित किन रहन्छ :-** योग साधकका लागि अन्तिम परीक्षा पनि यही हो । मोह र ममताको घनिष्ठ सम्बन्ध छ । मनुष्य प्रकृतिका तीन गुणबाट प्रभावित रहन्छ । रजो र तमोबाट उत्पन्न तेरो मेरोको भावमा पक्षपात, कपट, पदलोलुपता, लूट मारको अशुभ अन्तर्भाव समाहित हुन्छ । तर प्रकृतिको सत्व गुणमा यस्तो हुँदैन । त्यसको प्रभाव अन्य दुई गुणा भन्दा श्रेष्ठ हुन्छ । त्यसमा कुनै स्वार्थ हुँदैन । सीमित चेतना भन्दा पर केवल आफ्नो कर्तव्यको भावना र सर्वको कल्याणको भावना हुन्छ । त्यसमा यस्तो केही लाग्दैन – तेरो-मेरो चेतनाको कारण कहिँ कुनैको क्षति भइरहेको छ । त्यहाँ यस्तो लाग्छ कहीँ कसैमा कुनै कठिनाइ भइरहेको छ ।

प्रकृतिका तीन गुणको प्रभावबाट मुक्त हुनको लागि ज्ञानको गहन चिन्तन र राजयोगको गहन अभ्यासको आवश्यकता पर्छ । ईश्वरीय ज्ञान र राजयोगको अभ्यासबाट संसारको परिवर्तनशीलताको बोध हुन्छ र अनासक्त वृत्ति निर्मित्त हुन्छ । ईश्वर प्रति आस्था, निमित्त भाव पैदा हुन्छ । आत्मानुभूतिबाट चेतनाको स्तर विशाल हुन्छ । सम्पूर्ण विश्व प्रति सौहार्द भाव पैदा हुन्छ । ममत्वको सीमित चेतनाबाट मुक्ति मिल्नेछ । जुन सतोगुणी वृत्ति दैवी दुनियाँ सत्ययुगमा स्वाभाविक हुन्छ त्यस वृत्तिको अहिले वर्तमानमा नै अनुभव गर्नुपर्छ । ममत्व नष्ट हुनु पनि जीवनमुक्तिको अवस्था हो । आत्म-जागृत दिव्य पुरुषको अन्तर्भावमा स्वार्थ हुँदैन । ऊ आफ्नो सबै कुरा परहितको लागि नै उपयोगमा ल्याउँछ ।

अहिले बनाइएको अनासक्त वृत्तिको प्रभाव चारै युगसम्म चल्छ । मानिसहरू निराकार परमात्माको यादगार शिवलिङ्गलाई बडो भावनाले पुज्छन् । उनको आस्था, विश्वास र निमित्त भाव आज सम्म कायम छ । श्रद्धालु भक्तहरू भन्छन् हाम्रो सबै कुरा शिव परमात्माको यही शिवलिङ्ग हो । अरू हाम्रो केही छैन । हामी त केवल निमित्त मात्र हौं ।





# समय

बी.के सागर भाइ, नगरकोट

"घुम्दै फिर्दै रुम्जाटार" भन्ने भनाइ पनि एकदमै ठीक रहेछ । पाँच हजार वर्षको चक्रमा घुम्दै फेरि पनि समयले हामीलाई संगममा ल्याइदियो । सत्य, त्रेता, द्वापर र कलिलाई पनि फड्को मारेर समयले हाम्रो संगम गराइदियो । आत्मा र परमात्माको मात्र संगम होइन । आत्मा आत्मा भाइ-भाइको पनि संगम भयो । चारै युगमा नारी-पुरुष भन्दै वा सोच्दै शरीरलाई हेर्दै आइरहेका आत्माहरू संगममा आएर नारीको शरीरमा बसेको होस् वा पुरुषको शरीरमा बसको होस् आत्मा भाइ-भाइको दृष्टिकोणले हेर्न थाले । भाषा परिवर्तन हुन थाल्यो । भेष बदलियो । चालचलनमा परिवर्तन आयो । खानपान देवताको जस्तो भयो.... यो सबै समयले गर्‍यो । समय यति बलवान रहेछ कि समयले भगवान्‌लाई पनि धर्तीमा आउन बाध्य बनाइदियो । त्यसैले भनिन्छ । "समय र भगवान् सबैभन्दा ठूला शक्ति हुन् ।

भगवान् आएर यो संगमयुग हो भन्ने कुराको जानाकारी दिनुभयो । यो भन्दा अघि कसैले पनि संगमयुग भनेर जानेका थिएनन् । ज-जसले जाने वा बुझे उनीहरूलाई थाहा भयो कि यो संगम युग हो । पुरानो दुनियाँ बदलेर (परिवर्तन भएर) नयाँ दुनियाँ आउँछ, समयभन्दा पहिले हामी परिवर्तन हुनु छ । ज-जसले संगम युग भन्ने कुरा थाहा पाउन सकेनन् उनीहरूले विनाशको अन्तिम घडीमा थाहा पाउनेछन् कि यो सत्य र कलिको संगम रहेछ ।

जुन कुरा भगवान्‌ले बताउन सक्दैनन्, त्यो कुरा समयले बताइदिन्छ । जुन कुरा समयले बताउन सक्दैन त्यो कुरा भगवान्‌ले बताइदिनुहुन्छ । त्यसैले यी २ ठूला शक्ति हुन् । पहिले-पहिले ब्रह्मा बाबाको पालामा (समयमा) दादी-दिदीहरू बाबालाई गुनासो गर्दै के गर्ने बाबा ज्ञान सुन्दै-सुन्दैनन् ज्ञान सुन्न मनै गर्दैनन् भन्थे । त्यतिखेर बाबाको ज्ञान सुन्न मनै गर्दैनन् भन्थे । त्यतिखेर बाबाको जवाफ हुन्थ्यो "बच्ची ठीक छ - जो अहिले बुझ्न चाहँदैनन् नि उनीहरूलाई समयले बुझाउँछ ।" त्यसैले बाबा मुरलीमा पनि भन्नुहुन्छ "कुनै-कुनै कुरा समयलाई छोडिदेऊ ।"

वास्तवमा भगवान्‌लाई पनि धर्तीमा आउन बाध्य बनाउने समय, कलिलाई बदलिएर सत्य ल्याउने समय, आत्मालाई हेर्न सिकाउने समय, हरेकलाई परिवर्तन गर्न सक्ने समय बलवान मात्र होइन धेरै बलवान छ । समयको कुनै आकार छैन । समयलाई देख्न सकिँदैन तर कुनै पनि कुराको वास्तविक रूप समयले देखाइदिन्छ । समयको कुनै रङ्ग छैन तर रातको अँध्यारो र दिनको उज्यालो पनि समयले नै ल्याउँछ । समयको कुनै भाषा छैन तर दुःखको क्षण वा सुखको क्षणको महशुसको भाषा पनि समयले नै बोलिदिन्छ । समय कुनै लोकल बस होइन तर आवश्यकता अनुसार

मानिस समयलाई कुरेर (पर्खिएर) बस्छ। समय कोही अफिसर होइन तर समयले सबैलाई अर्डर दिएर चलाइरहेछ । समयको कुनै राम्रो वा नराम्रो भन्ने रूप छैन तर पनि मानिस राम्रो समय वा नराम्रो समय भनेर कुनै पनि घटनाको वर्णन गर्दछन् । जसरी भगवान् (शिव बाबा) बहुरूपी हुनुहुन्छ त्यसरी नै समय पनि बहुरूपी छ । समयलाई बुझेर चल्नेहरूलाई समयले विजयको माला लगाइदिन्छ भने समयलाई लापरवाही गर्नेहरूलाई समयले धुलो चटाइदिन्छ ।

बाबा भन्नुहुन्छ -"समय र संकल्पको खजानालाई बचाऊ ।" समय खजाना हो। समयको खजानालाई बचाउनाले संकल्पको खजाना बच्छ । संकल्पको खजानालाई बचाउनाले सयमको खजाना बच्छ । यी दुई एक अर्काका परिपूरक हुन् । समय र संकल्प बचाउनु अर्थात् यी दुईको अगाडिको अक्षर 'स' लाई प्रयोग गर्नु हो । संकल्प बचाउनु अर्थात् हरेक समय हरेक क्षण 'सकारात्मक' सोच्नु हो। समय बचाउनु सयमलाई सकारात्मक वा सही तरिकाले प्रयोग गर्नु हो। त्यसैले यी २ शब्दको अगाडिको 'स' शब्दले सकारात्मक र सही भन्ने जनाउँछ।

ब्राह्मणको भाषामा समयलाई ड्रामा पनि भनिन्छ । शिव बाबाले ड्रामा भन्ने शब्द दिनुभयो। बाबाले हामीलाई बुझाउनुभयो ड्रामा कल्याणकारी छ । अर्को भाषामा भन्दा समय कल्याणकारी छ। जसले समयलाई बुझ्छ वा चिन्छ उसको लागि जस्तोसुकै विपरीत परिस्थिति पनि अपरच्युनिटी अर्थात् अवसर दायक छ। यदि त्यो समयलाई चिनेर सकारात्मक संकल्प लिएर अगाडि बढ्ने हो भने ।

एक दिन एउटा ठूलो कम्पनीमा आगो लाग्यो । कम्पनीमा आगो लागेको खबर सुनेर कम्पनीको मालिक हतार-हतार कम्पनीमा आए। आफूले जीवनभर कमाएको सारा सम्पत्ति आगोले जलाएको ती वृद्ध साठी वर्षका व्यक्तिले आफ्नो आँखाको अगाडि देख्दा सारा रिपोर्टहरू आए र सान्त्वना दिदै प्रश्न सोध्न थाले । एक जना रिपोर्टरको प्रश्न थियो ।

रिपोर्टर : सर, तपाईंको आँखाको अगाडि यत्रो सारा सम्पत्ति स्वाहा भयो यतिखेर तपाईंको मनमा के लागिरहेको छ अर्थात् कस्तो विचार उत्पन्न भइरहेको छ ?

मालिकको जवाफ थियो – "मलाई लागिरहेको छ कि भगवान्ले हाम्रो सारा पापलाई यो आगोले जलाइदिनुभयो । हाम्रो सारा पाप भस्म भयो । केही छैन, ठीक छ । भगवान्लाई धन्यवाद छ, अब हामी केही नयाँबाट शुरु गर्नेछौं ।" त्यसको तीन महिनामा ती महान् व्यक्तिले फोटोग्राफको आविष्कार गरे । ती महान् व्यक्ति हुन्, थोमस एल्वा एडिसन ।

जसले समयलाई वा समयले दिएको अवसरलाई बुझ्न सक्दैनन् उनीहरूको लागि विपरीत परिस्थिति होस् वा कुनै पनि किसिमको समय होस् केही मूल्य राख्दैन। तर त्यो समयको मूल्य पनि समयले समय आए पछि बताइदिन्छ । त्यतिखेरको समय धेरै भयानक हुन्छ र व्यक्तिको आँखाबाट अवश्य पनि पश्चात्तापको आँसु निस्किन्छ ।

हामी अलौकिक जीवन मै हेर्ने हो भने पनि बाबाले हामीलाई स्वच्छ बनाउन अर्थात् पवित्र बनाउन, हाम्रो मनको स्थितिलाई उच्च

बनाउन र बुद्धिलाई एकमा एकाग्र गराउन अनेक किसिमका परिस्थितिहरू ड्रामाको रूपमा खडा गरीदिनुहुन्छ । जसले त्यो ड्रामालाई चिन्यो ऊ वाह-वाहको गीत गाउँदै, डान्स गर्दै-गर्दै माँ (ब्रह्मा) को गोदमा पुग्छ । जसले त्यो ड्रामालाई चिन्दैन उसलाई ड्रामाले डडाइदिन्छ । अब मन-बुद्धिमा तातो ईर्ष्या, क्रोध, अभिमान,...निराश,... रूपी राप उत्पन्न हुन्छ ।

समयले नै अपूर्ण विज्ञानको अन्त्य गराउँछ । अर्थात् संगमको यो समयले ज्ञान सूर्य शिव बाबालाई धरामा आगमन गराएर प्रभु मिलनले प्यासी आत्माहरूलाई प्रभु मिलनले तृप्त गराउँदै सच्चा अध्यात्मको उदय गराएर पूर्ण विज्ञानको संसार (सत्ययुग) को स्थापना गरिरहेको छ । हामीलाई थाहा छ अहिले २ किसिमको समय चलिरहेको छ। स्थापनाको समय र विनाशको समय । ब्रह्मा मुखवंशावली ब्रह्माकुमार/ब्रह्माकुमारी समय र परमात्मा सँग मिलेर नैतिकवान्, चरित्रवान्, पवित्रता, सुख-शान्तिमय स्वर्णिम संसारको स्थापना गरिरहेका छन् भने अर्को तर्फ समय र परमात्मा लाई नचिन्नेहरू मायावी पासोमा रमण गरेर अति दुःख, अशान्ति, भ्रष्टाचार, पापाचार, विकार-विकृतिको उच्चतम सीमालाई क्रस गर्दै कलियुगको अन्तिम समयको झलक देखाइरहेका छन् ।

मैले परमात्माको ठाउँमा कतै 'निर्भय' शब्दको प्रयोग गर्नुको आशय यो हो कि शिक्ख धर्म अनुसार परमात्मालाई 'निर्भय' को टाइटल पनि दिने गरिन्छ । समयले पूर्ण विज्ञानको दुनियाँको स्थापना गर्दै छ भन्नुको अर्थ यो हो कि अब त्यस्तो दुनियाँको निर्माण भइरहेको छ जहाँ सबै चीज बिमान देखि लिएर घरमा प्रयोग गर्ने सामग्रीहरू पनि फुलप्रुफ हुन्छन् । मानिस बाह्य साधनबाट अर्थात् भौतिक सुख सुविधाबाट र आन्तरिक सुख-शान्तिबाट सम्पन्न हुन्छन् ।

अन्ततः समय साथी हो । यसलाई मित्र बनाउनाले हरेक समय हाम्रो लागि कल्याणकारी हुनेछ समय मालिक हो । यसको कुरालाई स्वीकार गर्नाले जीवनमा अनेक अपेक्षाहरू सजिलै पूरा हुन्छन् । समयलाई चिनौं । स्वीकार गरौं । जीवन परिवर्तन गरौं । दादी जानकी भन्नुहुन्छ -"यह वक्त जा रहा है- जो भी करना है अभी कर लो । " बाबा भन्नुहुन्छ - "अभी नही तो कभी नहीँ ।"

---

**२१ पेजको बाँकी अंश..**

परमात्मा शिवले नवीन ज्ञान र सहज राजयोगको शिक्षा दिई आत्मालाई पुनः परम पवित्र परमात्मासँग एकाकार हुने तरिका सिकाई आत्माको रिजुभिनेशन (पुरानोलाई नयाँ बनाउने) गर्दै हुनुहुन्छ । हालसम्म लगभग दश लाख भन्दा बढी व्यक्तिहरूले यो प्रयोगमा भाग लिइसकेका छन् र निरन्तर लिइरहेका छन् र मेरो पाठकवृन्दमा यही अनुरोध छ कि आउनुहोस् तपाईं पनि यो अलौकिक अद्भुत प्रयोगमा भाग लिन । किनकि मनुष्यत्वबाट देवत्वमा जाने अधिकार संसारका हरेक मानव आत्मालाई परमात्माको सन्तानको नाताले जन्मसिद्ध अधिकारको रूपमा नै प्राप्त छ । यो जन्मसिद्ध अधिकारलाई लिन एक कदम तपाईंको बाँकी त हजार कदम परमात्माको साथ तपाईंलाई मिल्ने नै छ ।





































१. थानकोट : सभासद बिनोद श्रेष्ठलाई राखी बाध्नुहुँदै ब्रह्माकुमारी अञ्जु बहिनी साथमा अन्य । २. कलैया : सभासद राधेचन्द्र यादवलाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी रविना बहिनी साथमा ब्रह्माकुमार रामसिंह भाइ तथा अन्य । ३. थानकोट : सभासद राजेन्द्र के सी.लाई राखी बाध्नुहुँदै ब्रह्माकुमारी अञ्जु बहिनी साथमा ब्रह्माकुमारी गीता बहिनी तथा अन्य । ४. बिराटनगर : पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति शिशिर रेग्मीलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी गीता बहिनी साथमा अन्य । ५. चतरा, धरान : वार्षिक उत्सव कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्राचीन हरिद्वार बराहक्षेत्र चतराधामका जगतगुरु रामानन्दचार्य पीठ समितिका अध्यक्ष गणेश विरही, सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक दीपक दाहाल, ब्रह्माकुमारी गीता बहिनी, ब्रह्माकुमारी नानीमैंया बहिनी, ब्रह्माकुमारी संगीता बहिनी तथा अन्य । ६. जनकपुर : राधाकृष्णको चैतन्य झाँकीको साथमा वरिष्ठ समाजसेवी मुरारका परिवार, ब्रह्माकुमारी गंगा माता तथा अन्य । ७.उर्लाबारी : राजयोग शिविर कार्यक्रममा मदन भण्डारी स्मृति प्रतिष्ठानका कार्यकारी निर्देशक निरज थापालाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी गीता बहिनी साथमा ब्रह्माकुमारी मीरा बहिनी तथा ब्रह्माकुमार राजु भाइ । ८. हेटौडा : क्षेत्रीय नारायणी यातायात संघ मकवानपुरका अध्यक्ष बद्री चौंलागाईलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी सुशीला बहिनी साथमा ब्रह्माकुमारी रेवती बहिनी तथा नव निर्वाचित सदस्यहरू । ९. उर्लाबारी : राजयोग शिविर समापन कार्यक्रममा जन जागृति वन उपभोक्ता समुह केरवनका कोषाध्यक्ष रत्न रायलाई सौगात दिनुहुँदै ब्रह्माकुमारी मीरा बहिनी । १०. सिजुवा : उपसेवा केन्द्रको नव निर्मित भवनको गृह प्रवेश कार्यक्रमको उद्घाटन गर्नुहुँदै समाजसेवी देउमान सुब्बा साथमा ब्रह्माकुमारी गीता बहिनी, ब्रह्माकुमार तुलसी भाइ तथा अन्य । ११. नारायणगढ : चितवन महोत्सवको अवसरमा आयोजित र्‍यालीमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको तर्फबाट निकालिएको चैतन्य झाँकी सहितको दृश्य। १२. जनकपुर : धनुषा जिल्लाका एस. पी. गणेशबहादुर थापा तथा श्रीमती थापालाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी गंगा माता तथा अन्य ।














१. धनकुटा : पूर्वाञ्चल क्षेत्रीय औद्योगिक व्यापार मेलाको समुद्घाटन कार्यक्रममा महामहिम राष्ट्रपति डा. रामवरण यादवलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी निर्मला बहिनी तथा अन्य । २. जनकपुर : महामहिम राष्ट्रपति डा. रामवरण यादवलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी सृजना बहिनी साथमा ब्रह्माकुमारी भगवती बहिनी, ब्रह्माकुमार जगदीश भाइ तथा अन्य । ३. वीरगंज : महामहिम राष्ट्रपति डा. रामवरण यादवलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी मीना बहिनी साथमा ब्रह्माकुमारी मीरा बहिनी । ४. हेटौडा : भौतिक पूर्वाधार तथा यातायात मन्त्री बिमलेन्द्र निधीलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी रेवती बहिनी । ५. नारायणगढ : चितवन महोत्वस कार्यक्रममा उर्जा मन्त्री राधा ज्ञवालीलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी रीता बहिनी साथमा चितवन उद्योग वाणिज्य संघका अध्यक्ष कल्याण जोशी । ६. हेटौडा : पीस पार्कको उद्घाटन गर्नुहुँदै सभासद इन्द्र वानिया साथमा ब्रह्माकुमारी उषा दिदी, माउण्ट आबू, ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपालका निर्देशक ब्रह्माकुमारी राज दिदी, ब्रह्माकुमारी कुमारी बहिनी ब्रह्माकुमारी रेवती बहिनी ।